# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १३४ | काठमाडौं | सोमबार, १८ भदौ २०८० | Prabhab National Daily | Monday, September 4, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# कोशी सरकारविरूद्धको रिट पूर्ण इजलासमा

## आजबाट निरन्तर सुनुवाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाविरुद्ध परेको रिट सर्वोच्च अदालतको पूर्ण इजलासमा हुने भएको छ । उक्त रिटमा आजदेखि सुनुवाइ थालिने भएको छ । भदौ ४ गते विश्वासको मत लिँदा असंवैधानिक प्रक्रिया अपनाएको भन्दै उनीविरुद्ध एमाले कोशी संसदीय दलका नेता हिक्मत कार्कीले सर्वोच्चमा रिट दायर गरेका थिए ।

भदौ ७ गते सर्वोच्चले थापा नेतृत्वको सरकारलाई कामचलाउ घोषणा गर्दै पूर्ण फैसला नआएसम्म दीर्घकालीन असर पार्ने निर्णय नगर्न परमादेश दिएको थियो । सर्वोच्चले यसको पूर्ण सुनुवाइ १५ गतेका लागि तोकेको थियो । उक्त दिन हेर्न नभ्याइने सूचीमा राखिएको यो रिट न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुष्मालता माथेमाको संयुक्त इजलासले आइतबार पूर्ण इजलासमा पठाउने निर्णय गरेको हो ।

दोस्रोपटक सर्वोच्चकै आदेशबाट कामचलाउ मुख्यमन्त्री बनेका कोशी सरकारका प्रमुख थापाविरुद्धको पूर्ण सुनुवाइ आज सोमबारबाट हुने सर्वोच्चले जनाएको छ । साउन ११ गते असंवैधानिक ठहर भएपछि थापा नेतृत्वको सरकार ढलेको थियो । त्यतिबेला न्यायाधीश ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र तीलप्रसाद श्रेष्ठको पूर्ण इजलासबाट अदालतको आदेश आएको थियो । साउन १६ गते थापाले पुनः सरकारको नेतृत्व पाए ।

उनै थापाले भदौ ४ गते विश्वासको मत पाएका थिए ।

■ भदौ ७ गते सर्वोच्चले थापा नेतृत्वको सरकारलाई कामचलाउ घोषणा गर्दै पूर्ण फैसला नआएसम्म दीर्घकालीन असर पार्ने निर्णय नगर्न परमादेश दिएको थियो ।

■ न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुष्मालता माथेमाको संयुक्त इजलासले आइतबार पूर्ण इजलासमा पठाउने निर्णय गरेको हो ।

विश्वासको मत लिँदा असंवैधानिक प्रक्रिया अपनाएको आरोप लगाउँदै एमाले कोशीका संसदीय दलका नेता फेरि सर्वोच्च आइपुगे । भदौ ७ गते सर्वोच्चले थापा नेतृत्वको सरकारलाई कामचलाउ घोषणा गर्दै पूर्ण फैसला नआएसम्म दीर्घकालीन असर पार्ने निर्णय नगर्न परमादेश नै दियो ।

तत्कालीन सभामुख बाबुराम गौतमको हस्ताक्षरबाट बहुमत पुर्‍याई असार २१ मा पहिलोपटक मुख्यमन्त्री नियुक्त भएका थापाविरुद्ध एमाले नेता कार्कीले असार २२ मा दर्ता गराएको रिटमा सर्वोच्च अदालतकी न्यायाधीश सपना मल्ल प्रधानले गरेको प्रारम्भिक सुनुवाइमा पनि दीर्घकालीन महत्त्वको कुनै पनि निर्णय नगर्न अन्तरिम आदेश जारी भएको थियो । अन्तरिम आदेशपछि उक्त रिटमाथि पूर्ण सुनुवाइ गर्दै न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको इजलासले साउन ११ मा कोशी सरकार असंवैधानिक तरिकाले गठन भएकाले विघटन गर्ने आदेश दिएको थियो ।

त्यसपछि कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको ४७ सांसदको हस्ताक्षरमा पुनः थापाकै नेतृत्वमा सरकार गठन भयो । ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधानअनुसार थापाले भदौ ३ मा कोशी प्रदेशसभामा विश्वासको मत लिन समय थिए । सभामुख गौतमले पदबाट राजीनामा दिएकाले कोशी प्रदेशसभा उपसभामुख सिर्जना दनुवारको अध्यक्षतामा सञ्चालन हुनुपर्ने थियो । तर, एमालेबाट निर्वाचित दनुवारले भदौ ४ गतेका लागि बैठक धकेलिदिइन् । विश्वासको मत माग्ने कार्यतालिका भएकै दिन दनुवार प्रदेश सभा बैठकमा सहभागी हुन नसक्ने भन्दै काठमाडौं लागिन् । त्यसपछि सत्तारुढ दललाई अप्ठ्यारो आइलाग्यो । तुरुन्तै सत्तारुढ गठबन्धनले प्रदेशसभाका सदस्य कांग्रेसका इस्राइल मन्सुरीलाई सभाको अध्यक्षता गराए ।

(बाँकी पृष्ठ २ मा)

# बेलगाम बालेन



प्रहरीले सामान्य मानवीय संवेदनशीलताकोसमेत कत्ति पनि ख्याल नराखी करिब सात मिनेट गाडीलाई सडक किनारामा राख्न लगाई असान्दर्भिक र मनोमानी प्रश्न गरे ।

**बालेनको सचिवालय**

सरकारी गाडी बिदाको दिन प्रयोग गर्न मिल्दैन । तर, प्रयोग भएको पाएपछि सोधपुछ भएको हो । सामान्य विषयमा उत्तेजक अभिव्यक्ति मेयर सा'बको आयो ।

**राजेन्द्रप्रसाद भट्ट**
प्रवक्ता, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय

■ जेबी योञ्जन

**काठमाडौं–** काठमाडौं महानगरका मेयर बालेन्द्र साह 'बालेन' नेपालका ७५३ स्थानीय सरकारमध्येकै 'बाहुबली' सरकार प्रमुख हुन् । बोल्ने हैन काम गर्ने सरकार प्रमुख अहिलेको जनताको रोजाइ हो । यसैले पनि यसपटक काठमाडौं महानगरका जनताले बालेन रोजे ।

मत विश्लेषकका अनुसार सहरको मतको प्रकृति अस्थिर हुन्छ । यसो हुनुको कारण सहरका मतदाता ग्रामीण भेगका भन्दा तुलनात्मक रुपमा बढी सचेत हुनु हो । सामयिक एजेण्डा भएका नयाँ उम्मेदवार उनीहरूको छनोटमा पर्छन् ।

नभन्दै ३० वैशाख २०७९ को चुनावमा देशको संघीय राजधानी भएको काठमाडौंमा च्यापर छविका बालेन स्वतन्त्र उम्मेदवारी दिएर मेयरमा निर्वाचित भए । राजनीतिक विश्लेषक डा. विष्णु दाहालको शब्दमा बालेनको जित 'मतदाताहरूले गरेको विद्रोहको प्रतीक' थियो ।

उनै मेयर बालेन यतिबेला निकै आलोचित छन् । कारण- आफ्नी श्रीमती सविना काफ्लेलाई काठमाडौंको कोटेश्वरमा शनिबार राति ट्राफिक प्रहरीले केरकार गरेको भन्दै 'सिंहदरबारमा आगो लगाइदिन्छु' भन्ने उनको धम्कीपूर्ण अभिव्यक्ति ।

उनले आगो लगाइदिने भनेको सिंहदरबार राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा बनेको हो । सिंहदरबार निर्माण भएको १८७ वर्ष भइसकेको छ । २०३० सालमा सिंहदरबारमा आगलागीसमेत भएको थियो । पुरातात्त्विक महत्त्वको देशको मुख्य प्रशासनिक अड्डासमेत रहेको सिंहदरबारमा आगो लगाउने धम्की दिएकै कारण बालेन आलोचित भएका छन् ।

उनी आलोचित भएको अर्को अमर्यादित शब्दको प्रयोगले पनि हो । संघीय सरकारलाई उनले 'चोर सरकार' भने । हाल संघीय सरकारको नेतृत्व नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सत्ता गठबन्धनको तर्फबाट गरिरहेका छन् । संघीय सरकारअन्तर्गत रहने गृह मन्त्रालयको एउटा सुरक्षा अंग नेपाल प्रहरीको एकाइको रूपमा ट्राफिक प्रहरी छ ।

(बाँकी पृष्ठ ३ मा)

## हर्कको पनि कुरै चर्का



लाहुरेहरूको सघन बसोबास रहेको देशको पूर्वी क्षेत्रको एउटा सहर धरानका मेयर हर्क साम्पाङ पनि अराजक अभिव्यक्ति दिन बालेनभन्दा कम छैनन् । उनले आफूलाई सुरक्षा चुनौती थपिएको भन्दै लुकेर नभई खुलेआम 'भानुचोकमा सिंगल सिंगल भिडेर सिध्याउनु' भनेका छन् ।

मेयर साम्पाङ यसअघिदेखि नै बेलाबेला यस्तै अभिव्यक्ति दिन्छन् । स्थानीय सरकारका प्रमुखसमेत रहेका साम्पाङको यस्तो अभिव्यक्तिले तनावसमेत सिर्जना गर्दछ । धरानमा मन्दिरअघि चर्च बनेको विषयमा यस्तै उत्तजेक अभिव्यक्ति दिएपछि साम्पाङ अप्ठ्यारोमा परेका थिए ।

गत वर्षको अन्त्यतिर उनले दलित समुदायमाथि होच्याउने शब्द प्रयोग गरेका थिए । जसले गर्दा उनी त्यसबेला पनि समस्यामा परेका थिए । साम्पाङ पनि बालेनजस्तै स्वतन्त्र उम्मेदवारी दिएर मेयर निर्वाचित भएका हुन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# आवासीय सुविधासहित निःशुल्क तालिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जान चाहने युवाहरुका लागि खाना र आवासीय सुविधासहित निःशुल्क सीप तालिम सञ्चालन हुने भएको छ । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) परियोजनाले रोजगारीका लागि विदेश जाने तयारी गरिरहेका युवाहरुलाई लक्षित गर्दै खाने बस्ने सुविधासहित विभिन्न सीपमूलक तालिम निःशुल्क सञ्चालन गर्ने भएको हो ।

SaMi
Safer Migration Project

**रोजगारीका लागि विदेश जाने तयारी गरिरहेका युवाहरूलाई लक्षित गर्दै खाने बस्ने सुविधासहित विभिन्न सीपमूलक तालिम निःशुल्क सञ्चालन गर्ने**

सामीले महिला र पुरुषका लागि फरक-फरक विधामा सीप तालिम दिने जनाएको छ । वैदेशिक रोजगारमा जान चाहने पुरुषहरुका लागिमात्र भएको उल्लेख गर्दै सामीले स्काफोल्डिङ (फलामको पाइपको खट बनाउने), प्लम्बर, इण्डस्ट्रियल इलेक्ट्रिसियन, वेल्डर, सटरिङ कारपेन्ट्री (फर्मा लगाउने), किचेन हेल्पर र डकर्मीको सीप तालिम दिने उल्लेख गरेको छ । हरूका लागि काठमाण्डौं, पोखरा, बुटवल लगायतका ठाउँमा खाने बस्ने सुविधासहित निःशुल्क सीप तालिम सञ्चालन हुने भएको छ ।

महिला र पुरुषका लागि फरक-फरक विषयमा सामी कार्यक्रमले निःशुल्क सीप तालिम प्रदान गर्न लागेको हो । वैदेशिक रोजगारीमा जाने तयारी गरिरहेका पुरुषका लागि विभिन्न सातवटा विषयमा तालिम सञ्चालन हुने सामीले जनाएको छ । काठमाडौं, बुटवल, बिर्तामोड र पोखरामा ३० दिनसम्म सञ्चालन हुने निःशुल्क सीप तालिममा खाने बस्ने सुविधा भए पनि अन्य खर्च प्रशिक्षार्थी आफैंले बेहोर्नुपर्ने बताइएको छ । सामीले सार्वजनिक गरेको सूचनाअनुसार मेडिकल परीक्षण र सेफ्टी सुजको शुल्क तालिममा सहभागी हुन चाहने प्रशिक्षार्थी आफैंले खर्च गर्नुपर्ने उल्लेख गरिएको छ । मेडिकल शुल्क उल्लेख नगरे पनि सेफ्टी सुजको एक हजार २०० रुपैयाँ लाग्ने जनाइएको छ ।

तालिममा सहभागी हुन छनोटको मापदण्डअन्तर्गत सबै समूहमा पासपोर्ट भएको वा पासपोर्ट बनाउन दिएको रसिद, मेडिकल पास भएको रिपोर्ट र उमेर १९ देखि ३८ वर्षसम्म हुनुपर्ने र शैक्षिक योग्यता विषयअनुसार साधारण लेखपढ गर्न सक्नेदेखि कक्षा १० सम्म उत्तीर्ण भएको हुनुपर्नेछ । वैदेशिक रोजगारीमा जाने तयारी गरिरहेका पुरुषहरूका लागि सामीले १८ र १९ गते (आजै)देखि काठमाडौंमा स्काफोल्डिङको सीप तालिम सञ्चालन सुरु गर्ने भएको छ । त्यस्तै प्लम्बरसम्बन्धी तालिम १८ गते (आज)देखि काठमाडौंमा र २७ गतेदेखि झापाको बिर्तामोडमा सञ्चालन हुँदैछ ।

त्यसैगरी इण्डस्ट्रियल इलेक्ट्रिसियन सीप तालिम १७ गते (आइतबार) देखि पोखरामा र भदौ २४ गतेदेखि बुटवलमा सञ्चालन हुने सामीले जनाएको छ । वेल्डरसम्बन्धी तालिम पनि यही भदौ १७ गतेदेखि पोखरामा सुरु भइसकेको छ भने सटरिङ कारपेन्ट्री सीप तालिम २५ गतेदेखि काठमाडौंमा सुरु हुनेछ । यस्तै किचेन हेल्पर तथा डकर्मीसम्बन्धी सीप तालिम पनि यही आइतबारदेखि नै पोखरामा सुरु भइसकेको सामी परियोजनाले जनाएको छ ।

त्यसैगरी पुरुषहरुका लागि विभिन्न सातवटा विषयमा तालिम प्रदान गर्ने सामीले महिलाहरुलाई विशेष प्राथमिकता दिँदै हाउस किपिङ/क्लिनर र गार्मेन्ट मेसिन अपरेटरसम्बन्धी तालिम सञ्चालन गर्ने जनाएको छ । हाउस किपिङसम्बन्धी तालिम आइतबारदेखि पोखरामा सुरु भइसकेको छ भने गार्मेन्ट मेसिन अपरेटरको तालिम २४ गतेदेखि काठमाडौंमा सुरु हुनेछ । उल्लिखित तालिम लिन १९ देखि ३० वर्ष उमेर र कक्षा ८ पास गरेको र दुई वर्षभन्दा मुनिका बालबालिका नभएको हुनुपर्नेछ । मेसिन अपरेटरका लागि यसअघि घरेलु कामदारको रूपमा विदेश नगएको हुनुपर्ने थप मापदण्ड तोकिएको छ ।

हाउस किपिङ/क्लिनर अन्तर्गत होटल, अपार्टमेन्ट सपिङ सेन्टर, अस्पताल तथा ठूला कार्यालयमा अत्याधुनिक प्रविधि र केमिकलको प्रयोग गरी सरसफाइ तथा सजावटका गतिविधि पर्छन् । त्यस्तै गार्मेन्ट मेसिन अपरेटरसम्बन्धी तालिममा विद्युतीय मेसिनबाट सिलाइकटाई गर्ने, सिलाइको गुणस्तर कायम गर्ने र आइरन लगाउनेबारे सीप सिकाइन्छ ।

पछिल्लो समय गार्मेन्ट मेसिन अपरेटरको तालिम लिएर रोजगारीका लागि जोर्डन जाने नेपाली महिलाहरुको संख्या उल्लेख्य बढ्दै गएको वैदेशिक रोजगार विभागको तथ्यांकलेसमेत देखाएको छ । यसअघि नेपाली महिला श्रमिकलाई सीपयुक्त वनाएर दक्ष कामदारको रुपमा विदेश पठाउने भन्दै वैदेशिक रोजगार बोर्डले पनि निःशुल्क गार्मेन्ट मेसिन अपरेटरसम्बन्धी तालिम सञ्चालन गरेको थियो । जसमा ५०० भन्दा बढी महिला लाभान्वित भएको बोर्डले जनाएको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैँ निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# 'हेलो सरकार' अब २४सै घण्टा

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'हेलो सरकार'को सेवा अब २४ सै घण्टा उपलब्ध हुने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले सिंहदरबारमा विगत १२ वर्षदेखि सञ्चालनमा रहेको हेलो सरकार सेवालाई दैनिक तीन सत्रमा विस्तार गरेर २४सै घण्टा सञ्चालन प्रक्रियाको शुभारम्भ गरे ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आइतबार हेलो सरकार कक्षको निरीक्षण र अनुगमनसहित जनताका समस्या सम्बोधन गरी तीन सिफ्टको कार्यक्रम शुभारम्भ गरेका हुन् । समारोहमा नेपाल सरकारका मुख्यसचिव, सचिवहरू, विभागीय प्रमुखहरू, मन्त्रालय तथा केन्द्रीय निकायका गुनासो सुन्ने अधिकृत, हेलो सरकार कक्षमा कार्यरत कर्मचारी सहभागी थिए ।

यसअघि नेपाल टेलिकमबाट मात्र सेवा प्रवाह हुने गरेकामा विस्तारित गरिएको कार्यक्रममा आइतबारबाट एनसेलको नेटवर्कबाटसमेत गुनासो राख्न सकिनेछ । गुनासोहरू फोन, इमेल, फेसबुक, ट्वीटर, पोर्टल, भाइबर, ह्वाट्सएपलगायतका डिजिटल माध्यमबाट टिपाउन सकिनेछ । हेलो सरकारको डेस्कले प्राप्त गुनासो तत्काल सम्बोधन गरी सोको जानकारी सम्बन्धित निवेदकलाई दिने व्यवस्था मिलाइएको छ ।

हेलो सरकार २४सै घण्टा सञ्चालनका लागि तीन सिफ्टको कार्यतालिका निर्माण गरी सोहीअनुरूप कर्मचारी व्यवस्थापनसमेत गरिएको छ । त्यसका लागि नेपाल सरकारका तीन जना उपसचिवसहित २५ जना कर्मचारी खटाइएको छ ।

हेलो सरकारमा आएका गुनासोहरू गुनासोको प्रकृति हेरी सम्बन्धित निकायमा पठाई समस्या समाधानमा सहजीकरणसमेत गर्ने व्यवस्था मिलाइएको छ । साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित गुनासोहरू सीधै सम्बोधन पनि हुनेछ ।

गुनासोहरू सम्बोधनका निम्ति 'र्‍यापिड रेस्पोन्स टिम'समेत गठन गरी कार्यान्वयनमा ल्याइएको मुख्यसचिव डा. वैकुण्ठ अर्यालले जानकारी दिए । उक्त टिमले सम्बन्धित निकायमा पठाइएका गुनासोहरू कार्यान्वयन भए वा नभएको अनुगमन गर्नुका साथै गुनासो सम्बोधनका लागि पहल गर्नेछ । सो अवसरमा प्रधानमन्त्री दाहालले जनताका समस्यालाई गम्भीरतापूर्वक लिई समाधान गर्न निर्देशन दिएका छन् । उनले जनताका गुनासो जति गम्भीरतापूर्वक सम्बोधन हुने बताए ।

'जनताको गुनासो सुनिएन भन्ने मत पनि छ । यसलाई तीन सिफ्टको कार्यक्रमले पूर्णतः सम्बोधन गर्ने विश्वास लिएको छु । मैले हेलो सरकारको निरीक्षण गरेँ । कार्यकक्ष हेरे । त्यहाँ आएको गुनासोमध्ये दोलखाको एउटा गुनासो सुनेँ र त्यसलाई सम्बोधन गर्ने निर्देशनसमेत दिइसकेको छु,' प्रधानमन्त्री दाहालले भने ।

'सरकार र नागरिकबीचको सम्बन्धलाई अझै घनिभूत गराउन र शासकीय प्रणालीमा जनताको सहभागितालाई सक्रिय तथा सशक्त बनाउने अवधारणाका साथ १२ वर्ष अघि सुरू भएको हेलो सरकारलाई आजदेखि २४सै घण्टा सञ्चालन गरिँदै छ । सरकार र जनताबीचका सम्बन्ध थप सुदृढ तुल्याउँदै जनसेवा सवलीकरणका निम्ति यो सेवा बिस्तार कार्यक्रमले महत्त्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु,' प्रधानमन्त्री दाहालले भने ।

सार्वजनिक निकायबाट भएको काम कारबाहीका सम्बन्धमा प्राप्त जनगुनासोलाई शीघ्र सम्बोधन गर्न तथा जनताको जिज्ञासा समाधान गर्ने र सुझाव लिने कार्यमा सरकार सदैव क्रियाशील रहनुपर्ने उनको भनाइ छ ।

आधुनिक राज्यमा खुला सरकारको अवधारणाअनुरूप सार्वजनिक निकायप्रति जनताको भरोसा दिलाउन सरकारले जनतालाई सुन्नुपर्छ भन्ने सैद्धान्तिक मान्यताका आधारमा नै नेपालका सन्दर्भमा हेलो सरकारको अवधारणा विकास गरी सुरु गरिएको प्रधानमन्त्री दाहालले स्मरण गरे । हेलो सरकार सञ्चालनका लागि विश्वविद्यालयसँग सम्झौता गरी इन्टर्नमा विद्यार्थी लिनसक्ने व्यवस्थासमेत गरिएको छ । नेपाल टेलिकम र एनसेलबाट गुनासो, जिज्ञासा वा सुझाव दिने र कल रेकर्डिङ प्रणालीको विकास गरिएको छ ।

हेलो सरकारलाई केन्द्रीयस्तरमा मात्र सीमित नगरी प्रदेश र स्थानीय तहमासमेत यसको सञ्जाल विस्तार गर्नुपर्ने आवश्यकता छ । यस संयन्त्रलाई सरकारी नीति निर्माणमा नागरिक पृष्ठपोषण हुने प्रणालीका रूपमा विकास गर्ने तयारी गरिएको जनाइएको छ ।

## कोशी...

पृष्ठ १ बाट जारी

मतदान सकिएर मत सच्याउन दिएको समयसमेत समाप्त भएपछि अध्यक्षको आसनमा अध्यक्षमण्डलकी अर्की सदस्य माओवादीकी गीता तिम्सिनालाई बसाएर मन्सुरीले विश्वासको मतको पक्षमा मतदान गरे । मन्सुरी र तिम्सिना दुवै जनाको मत जोडेर विश्वासको मतको पक्षमा ४७ र विपक्षमा ३० मत परेकाले मुख्यमन्त्री थापाले विश्वासको मत प्राप्त गरेको मन्सुरीले घोषणा गरे ।

उक्त निर्णयको प्रमुख प्रतिपक्षी दल एमालेले सदनमै विरोध गरेको थियो । त्यसविरुद्ध कार्की साउन ६ गते बुधबार सर्वोच्च आइपुगे ।

सर्वोच्चले ७ गते अन्तरिम आदेश जारी गर्दै भन्यो, 'सो मतसमेत गणना गरी विश्वासको पक्षमा कूल ४७ मत र विपक्षमा ३० मत प्राप्त भएको भनी घोषणा गरेको देखियो । नेपालको संविधानको धारा १८६ बमोजिम प्रदेशसभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावमा निर्णय गर्दा मत बराबर भएको अवस्थामा बाहेक अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने देखिँदैन । विवादित मत दिइएको सन्दर्भमा मत बराबर भएको भन्ने देखिएन ।'

उक्त मुद्दामा कोशीका प्रदेश प्रमुख पर्शुराम खापुङ, मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभाध्यक्ष तथा प्रदेश सांसद इस्राइल मन्सुरी, मन्सुरीले मतदान गर्ने समयमा अध्यक्षता गरेकी प्रदेश सांसद गीता तिम्सिना र कोशी प्रदेशसभा सचिवालयलाई विपक्षी बनाइएको छ ।


# Bhimphedi Rural Municipality

**Office of Rural Municipal Executive**
**Bhimphedi, Makwanpur**
**Bagmati Province, Nepal.**

## SUPPLY AND DELIVERY OF VEHICLE.

**Date of publication: 04-09-2023**

1. The Bhimphedi Rural Municipality has allocated funds to cover eligible payment under the Contract for SUPPLY AND DELIVERY OF VEHICLE (IFB No: BRMMK/NCB/SDV/06/2080.081). Bidding is open to all eligible Nepalese and Foreign Bidders. [defined in the guidelines]
2. The Bhimphedi Rural Municipality invites sealed and or electronic bids from eligible bidders for the procurement of SUPPLY AND DELIVERY OF VEHICLE (Hard Top Jeep 4 WD SUV - 1900 to 2200 CC) under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidder may obtain further information about Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/epg, shall submit a written application along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000.0 till 04-10-2023 23:59 P.M during office hours or online in the following Bank.
   – Name of the Bank: NIC Asia Bank Ltd, Bhimphedi Branch
   – Name of Office: Bhimphedi Rural Municipality Office
   – Internal Revenue (Rajaswa) Account no.: 167CA5750-3077001 (For purchasing Bid Documents Only)
   – Security Deposit (Dharauti) Account Number: G7CA503072524001 (For Bid Security Only)
4. Electronic bids must be submitted to the office E-Bid only/ online portal of through PPMO website www.bolpatra.gov.np/epg on or before 05-10-2023 12:00. Bids received after this deadline will be rejected.
5. Sealed or Electronic bids must be submitted to the office Bhimphedi Rural Municipality Bhimphedi Makwanpur Bagmati Province Nepal through PPMO website www.bolpatra.gov.np. on or before 05-10-2023 12:00. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 05-10-2023 14:00 hours at the office of Bhimphedi Rural Municipality Bhimphedi Makwanpur Bagmati Province Nepal.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 153000.0NRs which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
9. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief Administrative Officer**
**Bhimphedi Rural Municipality**


# 'अनुसन्धानात्मक शिक्षा आजको आवश्यकता'

**काठमाडौं (प्रस)–** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले शिक्षा क्षेत्र पूर्वाधारको पनि पूर्वाधार भएकोले शिक्षाको उद्देश्य केवल बेरोजगारी समस्या समाधान गर्ने वा मानिसलाई केवल कम्प्युटर बनाउनेमात्रै नभएको बताएका छन् ।

आइतबार सम्पन्न विश्वविद्यालय समन्वय समितिको बैठकमा उपप्रधानमन्त्री श्रेष्ठले अनुसन्धानात्मक, जनमुखी र सर्वसुलभ शिक्षाले मात्रै मानिसले जीवन उद्देश्य बुझ्ने बताए । त्यसका लागि शिक्षामा राज्यले लगानी बढाउनैपर्ने र शैक्षिक नेतृत्वमा राजनीतिक भागबण्डाको अन्त्य गर्नैपर्ने उनले बताए ।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष र सदस्यहरूसहितको बैठकमा उपप्रधानमन्त्री श्रेष्ठ, शिक्षा बिज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई र सरोकारवाला मन्त्रालय र निकायका उच्च अधिकारीहरू सहभागी थिए ।

विश्वविद्यालय सुधारका विभिन्न एजेण्डाबारे छलफल भएको उक्त बैठकमा आयोग पदाधिकारीहरूले विश्वविद्यालयको सुरक्षाबारे प्राथमिक चासो राखेकोमा सुरक्षासहित शिक्षाको गुणात्मक विकास हुनुपर्नेमा उपप्रधानमन्त्री श्रेष्ठले बताए । त्यसका लागि राजनीतिक र एकेडेमीक नेतृत्व सच्चिनैपर्नेमा उनले जोड दिए । विश्वविद्यालयलाई निःसर्त शान्ति क्षेत्र बनाउनुपर्ने र विद्यार्थी र करार प्राध्यापकहरूको जायज मागलाई सम्बोधन गर्दै प्रतिस्पर्धात्मक क्षमता विकासमा जोड दिनुपर्ने समेत उपप्रधानमन्त्री श्रेष्ठले बताए ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

भदौ १८ गते २०८०, सोमबार

| | |
|---|---|
| **मेष** | आयस्रोत राम्रो हुने आवश्यक साधन जुट्ने छ । |
| **वृष** | अवसर प्रप्त भएपनि विवादास्पद जिम्मेवारी बहन । |
| **मिथुन** | व्यवसयामा लाग्नेहरुलाई विषेश पाइदा हुनेछ । |
| **कर्कट** | अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने । |
| **सिंह** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **कन्या** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **तुला** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **धनु** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | काम बन्नुका साथै दिन लाभदायक हुनेछ । |
| **मीन** | खर्च लागेपनि दिगो काम गर्न सिकनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ १८ गते, २०८०, ४ सेक्टेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०५ | १३२.६५ |
| युरो | १ को | १४३.२१ | १४३.८६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.३९ | १६८.१५ |
| स्विस फ्रैन्क | १ को | १४९.६५ | १५०.३३ |
| अस्ट्रेलियन डलर | १ को | ८५.५७ | ८५.९६ |
| क्यानाडियन डलर | १ को | ९७.८१ | ९८.२६ |
| सिंगापुर डलर | १ को | ९७.८० | ९८.२४ |
| जापानी येन | १० को | ९.०८ | ९.१२ |
| चिनियाँ युआन | १ को | १८.१९ | १८.२७ |
| साउदी अरब रियाल | १ को | ३५.२१ | ३५.३७ |
| कतारी रियाल | १ को | ३६.२२ | ३६.३९ |
| थाई भाट | १ को | ३.७७ | ३.७९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९५ | ३६.११ |
| मलेसियन रिङ्गेट | १ को | २८.४१ | २८.५४ |
| दक्षिण कोरियन वन | १०० को | १०.०२ | १०.०६ |
| स्विडिस क्रोनर | १ को | १२.०४ | १२.१० |
| डेनिस क्रोनर | १ को | १९.२२ | १९.३० |
| हङकङ डलर | १ को | १६.८३ | १६.९१ |
| कुवेती दिनार | १ को | ४२८.४१ | ४३०.३५ |
| बहराइन दिनार | १ को | ३५०.२८ | ३५१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# जुम्लामा स्थानीय तहबाटै उद्योग दर्ता गरिने

**जुम्ला–** जुम्लाका आठवटै स्थानीय तहबाट अब उद्योग दर्ता हुने भएको छ । उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले आइतबार तीन हजार १८३ वटा उद्योगहरू यहाँका स्थानीय तहलाई हस्तान्तरण गरेको छ ।

उद्योगतर्फ २९१ र वाणिज्यतर्फका दुई हजार ८९२ वटा उद्योगहरू स्थानीय तहलाई हस्तान्तरण गरिएको कार्यालय प्रमुख श्रीकृष्ण देवकोटाले जानकारी दिए ।

कार्यालयमा हालसम्म तीन हजार ६९३ उद्योग र तीन हजार १०४ वटा वाणिज्य उद्योगहरू दर्ता भएका छन् । कार्यालय प्रमुख देवकोटाले भने, 'कार्यालयबाट हुने उद्योगहरूको दर्ता र नवीकरण गर्ने अधिकारको जिम्मेवारी स्थानीय तहले दिएका छौं ।' कार्यालयमा हालसम्म दर्ता भएका तीन हजार ६९३ उद्योगमध्ये २९१ उद्योगहरू स्थानीय तहलाई हस्तान्तरण गरिएको छ । तीन हजार ४०२ वटा उद्योग कार्यालय मातहतमा रहने कार्यालय प्रमुख देवकोटाको भनाइ छ ।

वाणिज्य उद्योततर्फका तीन हजार १०४ वटा उद्योगमध्ये दुई हजार ८९२ उद्योग स्थानीय तहलाई हस्तान्तरण गरिएको छ । २१२ वटा उद्योगहरू कार्यालय मातहत रहने उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले जनाएको छ । कार्यालय प्रमुख देवकोटाका अनुसार उद्योगतर्फका पाँच लाखभन्दा माथि पुँजी भएका र वाणिज्य उद्योततर्फ १० लाखभन्दा माथि पुँजी भएका उद्योगहरू भने कार्यालयको मातहतमा दर्ता हुने जानकारी दिए । *रासस*

## बेलगाम...

पृष्ठ १ बाट जारी

यही यातायात सुरक्षासम्बन्धीको सुरक्षा निकायका अधिकारीहरूले विदा (शनिबार)का दिनसमेत सरकारी गाडी प्रयोग भएको पाएपछि बालेनकी श्रीमती सविनालाई सोधपुछ गरेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता राजेन्द्रप्रसाद भट्टले बताए । 'सरकारी गाडी बिदाको दिन प्रयोग गर्न मिल्दैन । तर, प्रयोग भएको पाएपछि सोधपुछ भएको हो,' प्रवक्ता भट्टले प्रभावसँग भने, 'सामान्य विषयमा उत्तेजक अभिव्यक्ति मेयर सा'बको आयो ।' मेयर बालेनको अभिव्यक्तिलाई उनकै अधिकांश समर्थकहरूले अमर्यादित र पदीय हैसियतविपरीतको अभिव्यक्ति भन्न थालेका छन् । आपराधिक, हिंसात्मक, उत्तेजक र उरेन्ठ्यौलो शैलीको अभिव्यक्ति भन्दै कारबाहीको मागसमेत हुन थालेको छ ।

चौतर्फी आलोचना भइरहेपछि बालेनको सचिवालयले प्रस्टीकरण दिएको छ । 'नगरप्रमुखसहितको परिचय खुलाएपश्चात् प्रहरीको व्यवहार झन् बढी आक्रामक हुन गएको थियो । प्रहरीले सामान्य मानवीय संवेदनशीलताकोसमेत कत्ति पनि ख्याल नराखी करिब सात मिनेट गाडीलाई सडक किनारामा राख्न लगाई असान्दर्भिक र मनोमानी प्रश्न गरे,' बालेनको सचिवालयले विज्ञप्तिमा भनिएको छ, 'सवारी जाँच गर्ने विधि र प्रक्रिया अवलम्बन नगरी प्रहरीले 'ढोका खोल,' के हो ? कहाँ हो ? यस्तो त्यस्तो गर्ने भन्दै पछिल्लो सिटमा सवार सुत्केरी सबिना काफ्लेलाई अनावश्यक केरकार गरेको थियो ।'

प्रहरीबाट गरिएको यस प्रकारको व्यवहार निन्दनीय तथा खेदजनक भएको उल्लेख गर्दै मेयर बालेनको सचिवालयले गृह मन्त्रालयले दुष्प्रचार गरेको आरोपसमेत लगाएको छ । 'यस विषयमा गृह प्रशासनले सुनियोजित तरिकाले सञ्चारमाध्यमलाई भ्रामक सूचना दिइ समाचार सम्प्रेषण गरेकोमा खेद समेत प्रकट गर्न चाहन्छौं,' बालेनका स्वकीय सचिव भुपदेव साहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । श्रीमती सविना घर पुग्नसाथ बालेनले गृह मन्त्रालयको सचिवालयमासमेत फोन घुमाएका थिए ।

'आजको लागि केही भएन, भोलिबाट हाम्रो महानगरपालिकाको कुनै पनि गाडी सरकारबाट रोकियो भने, सिंहदरबारमा आगो लगाइदिन्छु । याद राख चोर सरकार,' त्यसपछि उनले यसरी फेसबुकमा आफ्नो आक्रोश पोखेको बताइएको छ । नीतिनियम मान्नु सरकार प्रमुखदेखि सर्वसाधारणका कर्तव्य हो । अझ देशभरकै शक्तिशाली मेयरले उदाहरण पेस गर्नुपर्ने हो । तर मेयर बालेन भने बेलगाम आक्रोशित देखिएका छन् । बालेन अभिव्यक्तिकै कारण विवादमा आएको भने यो पहिलोपटक होइन । यसअघि उनले नेताहरूलाई 'चोर' भनेका थिए । यो अभिव्यक्तिले पनि उनी विवादमा आएका थिए ।

शनिबार त अझ सिंहदरबारमा आगो लगाइदिने जस्तो क्रुद्ध र आक्रोशयुक्त अभिव्यक्ति दिए । यसपछि उनी आलोचनाको भुमरीमा परेका हुन् । एक जना मतदाता शिखा श्रेष्ठले सामाजिक सञ्जालमा लेखेकी छन्, 'दलीय उम्मेदवारको विरुद्ध स्वतन्त्र उम्मेदवार छान्दाको परिणाम गलत नै आयो ।' मेयर बालेनलाई इन्फ्लुइन्सरका रुपमासमेत हेरिन्छ । फेसबुक एकाउन्टमा उनलाई फलो गर्ने १७ लाख बढी छन् ।

काठमाडौं महानगरपालिकाका ६१ हजार ७६७ जना मतदाताले बालेनलाई निर्वाचित गराएका हुन् । यतिधेरै मतदाताको आशा र भरोसा प्राप्त बालेन कामभन्दा पनि बोलीमा नलगाइएको लगामले विवादित भइरहेका हुन् ।

राजनीतिक विश्लेषक डा. दाहाल मेयरको कुर्सीमा बसेर आउने अभिव्यक्ति मर्यादित आउनुपर्ने बताउँछन् । उनका अनुसार पदीय जिम्मेवारीका कारण मेयर बालेन संयमित पनि हुनुपर्छ ।

'आधा लाख बढीको जनमत प्राप्त हो बालेन । उनले मेयरको भूमिकामा रहेर पदीय मर्यादा र गरिमाअनुसार बोल्नुपर्छ,' डा. दाहाल भन्छन्, 'कच्चापन झल्किने अभिव्यक्ति दिँदा पदीय गरिमा र मर्यादा कायम रहँदैन ।'

स्ट्रक्चरल इञ्जिनियरसमेत रहेका मेयर बालेन व्यवस्थित सहरीकरणको पक्षमा छन् । काठमाडौं महानगरलाई व्यवस्थित सहर बनाउन उनले देखिनगरिका काम पनि गर्दै आएको चर्चा हुने गरेको छ । तर, यसक्रममा अदालतबाट कुनै अन्तरिम आदेश जारी भएर तत्काल निर्णय कार्यान्वयन नगर्न आदेश दिएको अवस्थामा उनी अदालत नमान्ने खुलमखुला चुनौती दिन्छन् । अदालतको अवहेलनासम्बन्धी कसुर आकर्षित हुने अभिव्यक्ति दिने गरेका छन् । सोही कारण बालेन घरिघरी विवादमा आइरहन्छन् ।


## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HAJAR AL MUNEER BUILDINGS MAINTENANCE

पुर्व स्वीकृति मिति:२०८०/०५/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 291561 चलानी नं. ६०२०६६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 6 | 900 | ३२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason/tile layer | 15 | 0 | 1200 | ४३,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**G.R. Manpower Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ८६१/०६६/०६७

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEVEN DAYS BUFFET FOR FOOD

पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291908 चलानी नं. ६०२०७११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1200 | ४२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**

श्रम ईजाजत नं. ११८२/०७३/७४

Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIRST FLAMES SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०४/२२ पून स्वीकृति मिति: २०८०/०५/१७ LT. No. 290568 चलानी नं.६०२०५८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४२९२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054041, 9765229376



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MABIA SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०१/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 285304 चलानी नं. ६०२००७२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Cleaner | 50 | 0 | 800 | २८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MABIA SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०१/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 285305 चलानी नं. ६०२००७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Cleaner | 0 | 50 | 800 | २८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मिति:
सुनसरी -ईटहरी -(Hotel Veranda, Itahari) मा मिति: २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।
झापा - (Center Point Hotel, Birtamod 15) मा मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।
काठमाडौं - (VARSHA MANPOWER OFFICE ) मा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।
चितवन (Red Carpet Hotel ) मा मिति: २०८० भदौ २१ गते (31st Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Dorrat Al Juraid Contracting Est.

पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291811 चलानी नं. ६०२०७१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३५३०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : H.F. KEJENTERAAN SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 278749 चलानी नं. ६०१९४३८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRANS WORLD Manpower CO.(P) Ltd.**

Govt. License 300/059/60

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mayar Facilities Management LLC

पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291927 चलानी नं. ६०२०७१३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 100 | 0 | 900 | ३२५८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NEPAL GATE WAY OVERSEAS PVT.LTD.**

Govt. License 759/064/065

Basundhara, Kathmandu, Nepal, Tel.- +977-1-4360924, 4360853, Fax: 4361050



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIBERTY GRAND

पूर्व स्वीकृति मिति २०८०/०२/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 287507 चलानी नं. ६०२०२९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 20 | 15 | 1000 | ३६,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAIBA DEVELOPMENT FACTORY FOR BLOCKS

पूर्व स्वीकृति मिति २०८०/०५/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 291559 चलानी नं. ६०२०६७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 9 | 0 | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## Tribhuwan University
# Devchuli College

Devchuli-16,Rajahar,Nawalparasi (East)

College code No.: 389

## Invitation for Bids

**First Date of publication: 2080/05/18**

1. Devchuli College invites bids under e-procurement system from eligible bidders for the construction of following works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Devchuli College, website:- Devchulicollege.edu.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document and if bid security in the form of cash in Bank:
   Name of the Bank: RASTRIYE BANIJYA BANK
   Branch: KAWASOTI
   Name of Office:DEVCHULI COLLEGE
   Office Account no.: 3200100001192001
4. The name and identification details of the contract are as follows:.

| Contract No. | Description of Works | Estimated Amount (Without VAT NRS). | Bid Security Amount (NRs.) | Last Date OF Bid Submission | Bid Opening Date andTime | Bid Document fee Non Refundable(NRs.) |
|---|---|---|---|---|---|---|
| DEV/UGC/ NCB/ WORKS /01/2080-081 | Addition of First Floor in Devchuli College above the Existing College Building,Devchuli-16,Rajahar | 49,15,621.43 | 1,35,000 | 2080/06/17 12:00 Hours NST | 2080/06/17 13:00 Hours NST | 3000 |

COLLEGE CHIEF

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## बालेनको अराजकता

काठमाडौं महानगरका मेयर बालेन्द्र साह 'बालेन'को अराजक शैली पछिल्लो समय उदंगो भएको छ । केही समयअघि मात्र सिंहदरबार क्षेत्रको फोहोर रोकेर जनस्वास्थ्यमा गम्भीर असर पार्ने खालको कार्यनीतिबाट चर्चामा आएका बालेन पछिल्लो समय विभिन्न 'स्टन्ट'का कारण चर्चामा छन् । कार्यकक्षमा ग्रेटर नेपालको नक्सा राखेर चर्चामा छाएका उनी चुच्चे नक्सालाई चीनले नचिन्दा आक्रोशित बने । चीनको कदमको विरोधमा उनले चीन भ्रमण नै रद्द गरे । उनको यो कदमलाई धेरैले मन पराए ।

तर शनिबार राति भने बालेनले एकाएक आक्रोशको फायर खोले । बालेनले महानगरको गाडी कहीँकतै रोके सिंहदरबारमा आगो लगाइदिने धम्की दिए, त्यो पनि सामाजिक सञ्जाल फेसबुकबाट । युवा पुस्ताले रूचाएका बालेनलाई फेसबुकमा करिब १७ लाख जनाले फलो गरेका छन् । 'लक्ष्मीको बहान लाटोकोसेरो' भनेझैं डोजरको नाम लिनसाथ बालेनलाई सम्झने धेरै छन् । कहीँकतै केही भत्काइहाल्नुपरे बालेनको डोजर सम्झन्छन् धेरै । यही डोजर शैलीमै फायर भएका बालेन शानिबार राति किन आक्रोशित बने धेरैलाई ठम्याउन मुस्किल भयो ।

आइतबार बिहानबाट भने वास्ताविकता बाहिर आउन थाल्यो । बालेन पत्नी सविना काफ्ले सुत्केरी भएको केही दिनमात्र भएको रहेछ । ललितपुरको मेडिसिटी अस्पतालबाट बालकुमारी हुँदै कोटेश्वर आउँदै गर्दा बाटोमा ट्राफिक प्रहरीले उनलाई सोधपुछ गरेको रहेछ । एनआइसियूमा रहेको नवजात शिशुलाई भेटेर फर्कने क्रममा काफ्ले प्रहरीको जाँचमा पर्नु सामान्य विषय हो । बिदाको दिन सरकारी गाडी प्रयोग भएको देखेपछि प्रहरीले सोध्नु झन् सामान्य भयो । मापसे जाँचमा पनि रोकिन्छन् सवारीसाधन । राति पौने ९ बजेतिर भएको सोधपुछ असामान्य केरकार भन्दै बालेनको सचिवालयले समेत विज्ञप्तिमार्फत असन्तुष्टि जनाएको छ ।

देशको राजनीति ठीकसँग नचलेकोले यो व्यवस्थाप्रति युवा आक्रोशित छन् । नियम कानुनअनुसार नचलेकोले देशको अवस्था पिछडिएको ठम्याइ धेरैको हो । उनै बालेनले पनि नीतिनियम मान्ने देखिएन । 'जुन जोगी आए पनि कानै चिरिएका' भन्ने उखान फेरि चरितार्थ पारेका छन् उनले । यही भएर अहिले युवाहरू लर्को लाएर विदेशिने क्रम छ । सरकारमा आउने नयाँ पात्रले कुनै योजना र विकास गर्छन् भन्ने ठान्नु गलत सावित पारेका छन् बालेनले किनकि एउटाको विरूद्ध उभिएको अर्को पात्रले एकअर्काको विरोधबाहेक केही गर्दैनन् । यो कुरा बालेनको अराजक स्टाटसले प्रस्ट पारेको छ ।

# प्रमुख पार्टीका आरोह अवरोह



▸▸ रामहरि गिरी

> नेपालमा राजसंस्था र हिन्दू धर्मको एजेण्डा बोकेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मा त टुटफुटको शृंखला गनेर साध्यै छैन । इतिहास केलाएर हेर्दा स्वर्गीय सूर्यबहादुर थापा र वर्तमानका राप्रपा नेता लोकेन्द्रबहादुर चन्दबीच त आधा दर्जनपटक विवादको शृंखला देखिए । राप्रपाका वरिष्ठ नेता स्वर्गीय राजेश्वर देवकोटाले त राप्रपा (राष्ट्रवादी) खोलेर अन्तिमसम्म त्यही पार्टीलाई स्थापित गर्न प्रयास गरिरहे । सुरुमै राप्रपा (थापा) र राप्रपा (चन्द) भनेर गठन भएको राप्रपा कहिल्यै मिलिरहन सकेन, थापा र चन्दबीच फाटो भइरह्यो । थापालाई छोडेर चन्दले पार्टी खोले । कमल थापाले पनि पार्टी फुटाइरहे । अहिले कमल थापा अध्यक्ष रहेको राप्रपा नेपाल त्यसैको निरन्तरताको रुपमा लिन सकिन्छ ।

यतिबेला देशमा राजनीतिक स्थिरता छैन । दलहरुमा पनि आ-आफ्नै समूह छ । नेपालको लामो इतिहास बोकेको नेपाली कांग्रेसमा समूह-समूह छ । सभापति शेरबहादुर देउवाले आफूखुसी पार्टी चलाएकोमा शेखर-गगन समूह असन्तुष्ट देखिन्छ । तर कांग्रेसको केन्द्रीय समिति, संसदीय दलमा देउवाको स्पष्ट बहुमत रहेकाले नेता शेखर कोइराला र महामन्त्री गगन थापाको आवाज सडकमा सीमित देखिन्छ । देउवाले अझै विभागीय प्रमुख र भ्रातृ संगठनलाई पूर्णता नदिएकोमा शेखर-गगन समूहको विमति देखिन्छ । केही दिनअघि देउवाले दर्जनभन्दा बढी विभागीय प्रमुख चयन गरेकोमा शेखर-गगन समूहले चित्त नबुझाएको अवस्था छ ।

त्यसो त नेपाली कांग्रेसमा गुटबन्दी यो मात्र होइन । गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराई, गिरिजा-देउवा गुटबन्दी कांग्रेसभित्र नराम्ररी चलेको थियो । गुटबन्दीकै फलस्वरुप कांग्रेस विभाजनको स्थितिसम्म पुग्यो । नेपालको प्रमुख प्रजातान्त्रिक पार्टी मानिएको कांग्रेसमा कुनै न कुनै बेला, कतै न कतै विवाद हुने गरेको पाउँछौं । विमतिकै कारण देउवाले पार्टी फुटाए । कांग्रेसलाई जनताले प्रजातन्त्रको मसिया ठान्छन्, तर कांग्रेसका नेताहरुले एकजुट भएर प्रजातन्त्रको अनुभूति दिलाउन सकिरहेका छैनन् । कांग्रेसलाई जनताले विश्वास गरेअनुसारको व्यवहार भने नेताहरुले प्रदर्शन नगरेको अवस्था देखिन्छ ।

यसैगरी नेपालको पहिलो कम्युनिस्ट शक्ति नेपाल कम्युनिस्ट पार्टी एमाले पनि टुटफुटको हिसाबले अछुतो रहन सकेको देखिँदैन । विवादकै कारण माधवकुमार नेपाल महासचिव हुँदा बामदेवले पार्टी फुटाए । साहाना प्रधानजस्तो नेपाली राजनीतिको सम्मानित नेतृ पनि बामदेवसँगै एमाले विभाजनमा सरिक भइन् । एमालेबाट अलग भएकै कारण नेता बामदेव गौतमले यतिबेला राजनीतिक स्थायित्व पाउन नसकेको देखिन्छ । एमाले फुटाएका गौतम समयक्रममा एमाले मिलाउने अभियानमा त छन् तर उनको स्वर, उनको सक्रियता मधुर देखिन्छ । बामदेवहरु राजनीतिबाट टाढा भए भने पनि हुने अवस्था देखिन्छ । त्यसो त एमालेमा १५ वर्ष महासचिव भएर एकछत्र पार्टी सञ्चाालन गरिरहेका माधव यतिबेला आफ्नो भूमिका बढाउन संघर्षरत रहेको देखिन्छ । एमाले छोडेर नेपालले एकीकृत समाजवादीमा रहेका सम्मानित नेता झलनाथ खनाललाई उनले चित्त बुझाउन नसकेको अवस्था छ । खनालले नेपालको कार्यशैलीप्रति असन्तुष्टि पोखिरहेको देखिन्छ । अध्यक्ष नेपाल भने माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालको साहारामा आफ्नो राजनीतिक भविष्य सुरक्षित गर्नतर्फ लागेको देखिन्छ ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले भने आफूभन्दा फरक विचार राख्ने भीम रावलहरुलाई पेलिरहेको देखिन्छ । ओलीको पेलाइमा परेर कुनै स्थान नपाएर कैयन नेता अन्य पार्टीमा पलायन भइरहेको देखिन्छ । ओलीकै पेलाहकै कारण नेपाल, खनालहरुले नयाँ पार्टी बनाउनुपरेको जनतालाई स्पष्टीकरण दिइरहेका छन् । त्यसो त नेपालमा कम्युनिस्टहरु फुट्ने र जुट्ने क्रम नयाँ होइन । यसैगरी वर्तमान नेपाल कम्युनिस्ट पार्टी माओवाली केन्द्र पनि अहिले जुन रुपमा छ, त्यो टुटफुटकै स्वरुप हो । माओवादीबाटै डा. बाबुराम भट्टराई बाहिरिए, माओवादीबाटै मोहन वैध बाहिरिए, माओवादीबाटै नेत्रविक्रम चन्द बाहिरिए । माओवादीलाई नेपाली माटोमा स्थापित गर्न अध्यक्ष दाहालले निकै मिहेनत त गरे तर पार्टीमै भने उनले वरिष्ठ नेताहरुलाई चित्त बुझाउन सकेनन् भन्दा पनि हुन्छ । त्यसो त माओवादी केन्द्रबाट फुटेर गएका डा. भट्टराई, वैध, चन्दको स्थिति सन्तोषजनक देखिँदैन । उनीहरु माओवादी केन्द्रमा फेरि फर्कन लालायित रहेको देखिन्छन् । भट्टराई र चन्द त माओवादी केन्द्रमा फर्के भने पनि हुने अवस्था छ ।

जनतालाई जागृत पार्न १० वर्षे जनयुद्ध लडेका प्रमुख नेताहरु नै विभाजित हुनु राज्यका लागि दुर्भाग्य हो । जनताले भने माओवादीहरु मिलेकै हेर्न चाहेका थिए, छन् । दाहालले अब माओवादीमा सबै नेता अटाउने वातावरण बनाउनुपर्छ । यसो भएमा माओवादीप्रति जनतामा सकारात्मक सन्देश जाने मात्र होइन राजनीतिक आकार पनि फैलिँदै जानेछ । त्यसो त कम्युनिस्ट कम्युनिस्ट मिल्ने भनेपछि एमाले र माओवादी किन मिल्दैनन् ? यी पार्टी सरकार बनाउनका लागिसमेत किन सहकार्य गर्न सक्दैनन् ? कुन शक्तिले एमाले र माओवादीलाई सहकार्यसम्म गर्न नसक्ने अवस्थामा पुऱ्यायो । कांग्रेस-माओवादी सहकार्य गर्न हुने माओवादी-एमाले किन मिल्न नहुने ?

हुन त नेपालमा कम्युनिस्टहरु उदाएको हेर्न नचाहने अन्तर्राष्ट्रिय स्वार्थ छ । जसरी भए पनि कम्युनिस्टहरुमा फाटो ल्याउने, अनि आफ्नो अभिष्ट साध्ने उद्देश्य रहेको भन्ने गरिन्छ । तर पछिल्लो समय कम्युनिस्ट-कम्युनिस्ट भए पनि ओली र नेपाल मिल्नै नसक्ने अवस्था छ । नेपालहरु एमालेमा फर्कन तयार छैनन् । यसरी आपसी टकरावले नेपालको कम्युनिस्ट शक्ति ओरालो लाग्दै गएको देखिन्छ । तर, कांग्रेसले कम्युनिस्ट फुटमा फाइदा लिन पाए पनि राम्रोसँग आफ्नै शक्ति भने बढाउन सकिरहेको देखिँदैन ।

विगतको निर्वाचनमा कांग्रेसले कम्युनिस्ट दुई शक्ति माओवादी केन्द्र र एकीकृत समाजवादीको सहारा लिनुपऱ्यो । कांग्रेस र कम्युनिस्ट एक्लाएक्लै लडेको भए कांग्रेसको आकार अहिलेजतिको नरहने विश्लेषण गरिँदै छ ।

यसैगरी नेपालमा राजसंस्था र हिन्दू धर्मको एजेण्डा बोकेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मा त टुटफुटको शृंखला गनेर साध्यै छैन । इतिहास केलाएर हेर्दा स्वर्गीय सूर्यबहादुर थापा र वर्तमानका राप्रपा नेता लोकेन्द्रबहादुर चन्दबीच त आधा दर्जनपटक विवादको शृंखला देखिए । राप्रपाका वरिष्ठ नेता स्वर्गीय राजेश्वर देवकोटाले त राप्रपा (राष्ट्रवादी) खोलेर अन्तिमसम्म त्यही पार्टीलाई स्थापित गर्न प्रयास गरिरहे । सुरुमै राप्रपा (थापा) र राप्रपा (चन्द) भनेर गठन भएको राप्रपा कहिल्यै मिलिरहन सकेन, थापा र चन्दबीच फाटो भइरह्यो । थापालाई छोडेर चन्दले पार्टी खोले । कमल थापाले पनि पार्टी फुटाइरहे । अहिले कमल थापा अध्यक्ष रहेको राप्रपा नेपाल त्यसैको निरन्तरताको रुपमा लिन सकिन्छ ।

त्यसो त अहिले विद्यार्थी राजनीतिबाट उदाएका अध्यक्ष राजेन्द्र लिङ्देनलाई पनि पार्टीमा शान्ति छैन । केही दिनअघि लोकेन्द्रबहादुर चन्दको घरमा भेला भयो । अध्यक्ष लिङ्देनको कार्यशैलीप्रति खुलेआम चुनौती दिए । त्यसो त राप्रपा राजनीतिको हरेक प्रहरमा चन्दकै नेतृत्वमा राप्रपा फुट्दै आएको देखिन्छ ।

यदि राप्रपा सग्लो रुपमा जनतामा जाने हो भने यतिबेला राप्रपाको जनमत बढ्ने अवस्था छ । राप्रपाको एजेण्डालाई जनताले मन पराइरहेका छन् । राप्रपा अध्यक्ष लिङ्देनले अघि सारेको नवीन राप्रपा अभियान त्यसको निरन्तरताको रुपमा लिइएको छ । लिङ्देनलाई युवामात्र होइन, कुशल संगठकको रुपमासमेत चिनिन्छ । तर आफ्नै पार्टीभित्र फुट भएको बेला जनताले यो नवीन राप्रपा अभियानलाई कसरी हेर्लान् ? यो गम्भीर प्रश्न हो । त्यसो त स्थापनाको एक वर्ष नपुग्दै उदाएको रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीलाई चुनावमा जनताले मन पराए, मन त दिए तर यो पार्टीको सिद्धान्त र दृष्टिकोण के हो भन्ने प्रश्न आमजनताले गरिरहेका छन् । दर्शन र विचार नभएको पार्टी हुँदैन, त्यसैले सबैभन्दा पहिला कुरा रविहरुले आफ्नो सिद्धान्त, दर्शन र विचार स्पष्ट पार्नुपर्छ ।

यो देशले रवि लामिछानेहरु जस्तै खोजिरहेको भए पनि दर्शन र विचार त दिनुपऱ्यो नि जनतालाई । त्यसो त रास्वपामा पनि केही कुरामा विवाद देखिन थालिसकेको देखिन्छ । पार्टीभित्र विवादलाई सामान्य मान्नु हुँदैन । यसरी नेपालका प्रमुख राजनीतिक दलको सेरोफेरो केलाउँदा आफ्नै कारणले कमजोर भएको देखिन्छ । ओली र नेपाल मिलेको भए एमालेको एकलौटी बहुमत आउने अवस्था थियो । यदि कांग्रेसले माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपासँग नमिलेको भए स्थिति नाजुक थियो । त्यसो त उपेन्द्र यादवको जसपा पनि फुटकै कारण ओइलाउँदै गएको हो । त्यसले नेपालमा प्रमुख दलका नेताहरुले राजनीति त गरे पनि पार्टीलाई सग्लो रुपमा भने राख्न सकेनन् । अहिले माथि भनिएका दल नै देशको शक्ति हुन् । यी दलका नेताहरु शक्ति छन् तर उनीहरुको व्यवहार भने जनचाहनाअनुसार देखिएको छैन । आफ्नै कारणले फुट्दै, जुट्दै छन्, जुट्दै फुट्दै छन् ।

## मननयोग्य

### चाणक्य नीति

यता चन्द्रगुप्त खिन्न थिए । उता राजा पर्वतक महलमा नाचगान खानपानको क्रममा अनि सुरा र सुन्दरी पनि साथै थिए । जब हृदयको ढुकढुकी बढ्छ थामेर थाम्न सकिन्न, सुराको मस्ती यति धेरै हुँदैन जति ती विश्वमोहिनीको भोगको इच्छा अति प्रबल इच्छा हुदै गइरहेथ्यो ।

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए । उनलाई एक कपकपी भयो सुन्दरीलाई चिन्दै नचिनी आवेगमा भरपूर एक चुम्बन लिए मानी राजालाई हजारौं विषधरले धएकैपटक हसेजस्तो भयो। राजा संजाशून्य भए (अर्थात् राजाको प्राण गयो ।)

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो। चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे । पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे । मुखबाट फिज निस्की विच्छ्यौनामा जमेको थियो । ती सुन्दरी डरले काम्दै एउटा कुनामा खडा थिइन् ।

चाणक्यले चन्द्रगुप्तपट्टि हेर्दै भने- 'देख्नुभो राजन् । यो विषकन्या थिई । यो राक्षसको डरलाग्दो षड्यन्त्र थियो । तर, उसलाई यो थाहा थिएन चाणक्यलाई झुक्याउन यति सरल छैन। मैले आँखाको नानी हेरी थाहा पाएँ । यी विषकन्या हुन् । यो सबै भेद त्यही सोमदेवबाट थाहा भयो । ऊ वास्तवमा राक्षसको विश्वासी गुप्तचर थियो। हिजै सोमदत्त बन्दी भइसक्यो । यी सुन्दरीलाई पनि देशनिकाला गर्नोस् किन कि यी सुन्दरी अरू कसैको मृत्युको कारण नबनून् ।

"सुन्नोस् । पर्वतक राजाको मृत्यु अफसोच भयो होला वास्तवमा तिनी हाम्रा मित्र थिएनन् राक्षसको गुप्तयोजना मलाई थाहा भयो यसैले अहिले राक्षसका तीरबाट राक्षसको पराजय भयो ।" यति भन्दै चाणक्य आफ्ना निवासतर्फ लागे । चन्द्रगुप्त सोच्न थाले बी रहस्यमय मानिसका विषयमा जसलाई चन्द्रगुप्तले त्रिकालज्ञ हुन् भन्ने सोचे ।

*क्रमशः*

## पत्र-मञ्जुषा

# यातायात क्षेत्रमा बिचौलियाको अन्त्य कहिले ?

अहिले पैसा र पहुँचको आडमा सवारीसाधनको लाइसेन्स १५ दिनभित्र निकाल्न सकिन्छ । तर, जो व्यक्तिसँग न त पैसा छ न पहुँच उसले लिखित, मौखिक पास गरेको तथा सरकारलाई राजस्व बुझाएको रसिद हुँदासमेत दुई वर्षसम्म पनि लाइसेन्स पाउँदैन ।

यातायात कार्यालय तथा ड्राइभिङ सेन्टरमा दलालीहरु ३५ देखि ५० हजार दिनूस् हामी एक महिनाभित्र लाइसेन्स हातमा भन्छौं भन्छन् । कतिपयले डेढ लाख रुपैयाँसम्म तिरेर एक हप्ताभित्र लाइसेन्स निकालेको पनि सुनिन्छ । यसरी यातायात कार्यालयका कर्मचारी, ड्राइभिङ सेन्टर तथा दलालीहरुको मिलेमतोमा यस्तो कार्य हुँदै आइरहेको छ । अहिले पनि पैसा र पहुँच हुनेले लाइसेन्स लिनका लागि लिखित, मौखिक दिनु पर्दैन, ट्रायल पास गर्नु पर्दैन । उनीहरुले पैसा दिएपछि सबै काम दलालीहरुले गर्छन् ।

यसरी यी दलालीहरुले महिनामै तीनदेखि १५ लाख रुपैयाँसम्म आम्दानी गर्छन्। सरकार भने आमसर्वसाधारणलाई लाइसेन्स दिनका लागि कानुन कसिलो बनाएझैं गर्छ तर दलालीहरुसँग पैसा खाएर लाइसेन्स दिन्छ ।

दलालीहरुले लिने यस्तो रकम कार्यालयका प्रमुखदेखि विभागका हाकिम र मन्त्रालयका मन्त्रीसमेतलाई बाँड्नुपर्ने बताइन्छ । अहिले पनि पैसा र पहुँच नभएका व्यक्तिहरुले लिखित, मौखिक, ट्रायल पास गरेर राजस्व बुझाए पनि तीन वर्षदेखि लाइसेन्स पाएका छैनन् । यातायात व्यवस्था विभागका महानिर्देशकले हरियो रसिदमा हस्ताक्षर गरेको तीन दिनभित्र सवारीसाधनको लाइसेन्स पाइन्छ । यसले राजनीतिक पहुँच भएका व्यक्तिहरु विभागका महानिर्देशकलाई हस्ताक्षर गर्न लगाएर पनि लाइसेन्स लिइरहेका छन् ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले आफ्ना आफन्त तथा कार्यकर्ताको लाइसेन्स तुरुन्तै निकालिदिन पहिला विभागका महानिर्देशकलाई दबाब दिने गर्थे । सवारीसाधनको लाइसेन्स छिटो निकाल्न कि त मन्त्री, कि महानिर्देशक, कि कर्मचारीसँग चिनजान भएको हुनुपर्छ ।

यातायातका कर्मचारीहरु त कि त आफ्ना आफन्तको छिटो लाइसेन्स निकालदिन्छन् कि पैसा खाएर निकालदिने भनेर सर्वसाधारण नै बताउँछन् । यसरी लाइसेन्स लिनका लागि आमनागरिकले यत्रो सास्ती बेहोर्नुपर्दासमेत प्रधानमन्त्री पुष्पकमल दाहाललाई केही चासो छैन ।

सरकारले जनतासँग राजस्व लिएर छिटोछरितो रुपमा एउटा लाइसेन्स त दिन सक्दैन भने अरु के सेवासुविधा दिन्छ ? अब सरकारले लाइसेन्स लिनका बिचौलियाको अन्त्य गर्नुपर्छ, बरु त्यसको सट्टा राजस्व बढाउनुपर्छ ।

अहिले आमनागरिकले दलालीमार्फत लाइसेन्स लिँदा एकातिर त्यो मानिसलाई घाटा भइरहेको छ त अर्कातिर राज्यले पनि नोक्सान बेहोर्नुपरेको छ । अहिले पनि जनता लाइसेन्स लिनका लागि घण्टौं लाइनमा बस्नुपर्छ । वर्षौं दिन कुर्नुपर्छ । तर, सरकार भने जनतालाई छिटोछरितो रुपमा सेवासुविधा दिन केही गर्दैन । न राज्यको ढुकुटीमा आउनुपर्ने राजस्व नै उठाउन सक्छ न जनतालाई सरल, सहज तरिकाले सेवासुविधा दिनसक्छ ।

पैसा र पहुँच भएपछि गाडी चलाउन नआउने, बाटो तथा ट्राफिक नियमको बारेमा थाहै नभएको व्यक्तिलेसमेत लाइसेन्स पाउँछ। यसरी लाइसेन्स लिएका व्यक्तिहरुले सवारीसाधन चलाउँदा उसको आफ्नो ज्यान त जोखिममा पर्छ नै सँगै अन्य व्यक्तिहरुको समेत ज्यान जोखिममा पर्छ ।

अहिले पनि यस्ता अधिकांश मानिस छन्, जसलाई सवारीसाधन राम्ररी चलाउन आउँदैन तर उनीहरुको हातहातमा लाइसेन्स छ । यसले गर्दा पनि दुर्घटना बढिरहेको छ । सवारीसाधनको विषयमा केही थाहा नभएका व्यक्तिहरुलाई पैसा र पहुँचको आडमा लाइसेन्स लिँदा अन्य व्यक्तिहरु समेत त्रसित भएका छन् ।

अहिले ड्राइभिङ सेन्टरहरुले दुई पांग्रे सवारीसाधन चलाउन सिकाएको पाँच हजार र चार पांग्रेको ३५ हजार रुपैयाँसम्म लिन्छन् । उनीहरुले नै पैसा खाएर लाइसेन्ससमेत निकालिदिन्छन् । ड्राइभिङ सेन्टरहरुले सेवाग्राहीसँग लिएको रकम सरकारले निर्धारण गरेको रेट होइन ।

उनीहरुले आफूखुसी सेवाग्राहीबाट रकम असुलिरहेका छन् । अहिले काठमाडौं उपत्यकाभित्र तथा बाहिर सञ्चालित ड्राइभिङ सेन्टर सरकारले बनाएको मापदण्डभित्र पर्दैन । तर, यस्ता ड्राइभिङ सेन्टरलाई न यातायात व्यवस्था विभागले अनुगमन गरी कारबाही गर्छ न स्थानीय तहहरुले अनुगमन गर्छन् ।

ड्राइभिङ सेन्टरहरुले खुलेआम ठगीधन्दा चलाउँदासमेत सरकार केही गर्दैन । यहाँ व्यवसाय गर्ने नाममा दलाली काम भइरहेको छ । जनतालाई सेवा दिने नाममा जनतालाई नै ठग्ने अनि राज्यलाई राजस्व छल्ने काम हुँदै आइरहेको छ ।

मुलुकमा राजनीतिक परिवर्तन त भयो तर न कर्मचारीहरुले घूस खान छोडे न बिचौलियाहरुको अन्त्य नै भयो । तर, यातायातमा क्षेत्रमा भएको सिण्डिकेट पनि तोडिएको छैन । पाँच दशकदेखि नयाँ ट्याक्सी, ढुवानी गाडी र फोस्टक ट्याम्पोको दर्ता खुलेको छैन । प्रधानमन्त्री दाहालले पनि यातायातमन्त्री ज्वालालाई यातायात क्षेत्रमा भएको सिण्डिकेट तत्काल हटाउन तथा लाइसेन्स छिटोछरितो रुपमा लिन पाउने व्यवस्था गर्न निर्देशन दिएको सुनिँदैन ।

अहिले प्रदेश संघ र संघ प्रदेशलाई देखाएर यातायात क्षेत्रमा भएको बेथिति अन्त्य गर्नबाट पन्छिरहेको छ । यसले एकातिर जनताले दुःख, हैरानी भोग्नुपरेको छ अर्कातिर राज्य राजस्वविहीन भएको छ । आम सर्वसाधारणको एउटै प्रश्न छ, यातायात क्षेत्रको बेथिति अझ भनौं बिचौलिया राज कहिले अन्त्य हुन्छ ? यसको जवाफ सरकार र सरोकावाला अधिकारीहरुले दिनैपर्छ ।

*रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# ‘लम्पी स्किन रोग नियन्त्रणमा आइसक्यो’

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि तथा पशुपन्छी विकासमन्त्री डा. वेदुराम भुसालले गाईभैँसीमा महामारीका रूपमा देखिएको लम्पी स्किन रोग नियन्त्रणमा आएको बताएका छन् । सिंहदरबारस्थित कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा उनले गाईवस्तुमा ठूलो संक्रमणका रूपमा देखिएको लम्पी रोग पछिल्ला दिनमा घट्ने क्रममा रहेको जानकारी दिए ।

सरकारले लम्पी स्किन रोगको उपचार र रोकथामका लागि सम्भव भएसम्मका सम्पूर्ण प्रयास गरेको जनाउँदै मन्त्री भुसालले रोग नियन्त्रणका लागि जोर्डन, तान्जानिया र टर्कीबाट भ्याक्सिन आयात गरी लगाउने व्यवस्था गरिएको जानकारी दिए । अहिलेसम्म १३ लाख ६९ हजार डोज भ्याक्सिन आयात भएकामा नौ लाख १९ हजार ४१६ पशुलाई लगाई सकिएको सो अवसरमा जानकारी दिइयो ।

पत्रकार सम्मेलनमा उपचारपछि निको हुने संख्या बढ्दै गएको र बिरामी भएका १५ लाख १९ हजार ७७९ मध्ये १३ लाख ९३ हजार ५९५ निको भएको तथ्यांक प्रस्तुत गरियो । मन्त्रालयका अनुसार, अहिले मुलुकका विभिन्न जिल्लामा अझै ७३ हजार ६३६ पशु बिरामी अवस्थामा रहेका छन् ।

महामारीका रूपमा रहेको लम्पी स्किनबाट ५२ हजार ५४८ पशुको मृत्यु भइसकेको छ । उक्त रोगबाट पशुको मृत्यु भएर क्षति व्यहोर्न परेका किसानलाई राहत उपलब्ध गराउन मापदण्ड तयार गरी सहमतिका लागि अर्थ र गृह मन्त्रालयमा पठाइएकामा अब छिट्टै निर्णय हुने मन्त्री भुसालले बताए ।



कृषिमा आत्मनिर्भर हुन उत्पादन वृद्धि गर्नुका विकल्प नरहेको बताउँदै उनले बाँझो जमिनमा सिँचाइ संयन्त्र बढाएर उत्पादन बढाउने कार्यलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिए । रासायनिक मलको आपूर्ति कृषिका लागि मुख्य समस्या हुने गरेकाले आफ्नो पहिलो ध्यान मल आयातमै केन्द्रित गरेको बताउँदै कृषिमन्त्री डा. भुसालले १० वर्षको अवधिमा सबैभन्दा बढी मलको आयात यस वर्ष भएको जानकारी दिए ।

नेपालीको खानाको ६७ प्रतिशत हिस्सा धानले ओगटे भएता पनि आवश्यकताभन्दा अझै १२ लाख ८० हजार मेट्रिक टन कम उत्पादन भएकाले चैते धान लगाइएको क्षेत्रफललाई वृद्धि अभियान सञ्चालन गर्न लागेको पनि सो अवसरमा जानकारी दिइयो ।

# ‘गठबन्धन सरकार पाँच वर्ष चल्छ’

**मोरङ (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले वर्तमान गठबन्धन सरकार सहमतिका आधारमा पाँच वर्ष सञ्चालन हुने बताएका छन् । प्रेस सेन्टर नेपाल मोरङद्वारा आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उनले दलहरू अस्थिरताबाट जोगिन र कामका आधारमा वर्तमान सरकार अक्षरस सहमति पालना गरी पूर्ण समयसम्म सञ्चालन हुने दाबी गरे ।

मन्त्री किरातीले भने, ‘ इतिहासदेखि जातीय द्वन्द्व र साप्रदायिक सद्भाव खलबलाउने कार्य नेपाली जनताले अस्वीकार गरेका छन् भन्दै आफ्नो संस्कृतिलाई लागू गर्दा अर्काको संस्कृतिमा आँच आउन दिनु हुँदैन ।’ सरकारले सञ्चालन गरेको भ्रष्टाचार न्यूनीकरण अभियान नरोकिने भन्दै उनले अनुसन्धान गर्दै जाँदा भ्रष्टाचारमा संलग्न जोसुकैलाई कारबाहीको दायरामा ल्याउने दृढता व्यक्त गरे ।

मन्त्री किरातीले भैरहवाको गौतमबुद्ध र पोखरा अन्तर ाष्ट्रिय विमानस्थल पूर्णरूपमा सञ्चालन गर्न सार्वजनिक निजी साझेदारी मोडलमा मन्त्रालयमार्फत मन्त्रिपरिषद् बैठकमा छिट्टै प्रस्ताव लग्ने जानकारी दिए । उनले जनताप्रति उत्तरदायित्वअन्तर्गत दुर्गम क्षेत्रमा सहजरूपमा आवतजावत गर्न हवाई उडान सञ्चालनका लागि एयरलाइन्सले आफ्नै लगानीमा तीनवटा साना जहाज खरिद गर्न लागेको बताए ।

मन्त्री किरातीले ल्यारक्याल लामा विवादित नभएर विवाविद बनाइएको तर्क गर्दै उनी नेपालको कुनै पनि संवैधानिक निकायमा दोषी नठहरिएकाले लुम्बिनी विकास कोषको उपाध्यक्षमा नियुक्ति गर्नाका साथै यो जायज भएको बताए । उनले प्रकृति र संस्कृति नेपालको सुन भएको चर्चा गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा यसलाई ब्राण्डिङ गरी प्रस्तुत गर्न सकेमा लाखौं पर्यटकको आगमन हुने विश्वास व्यक्त गरे ।

**HISAN INTERNATIONAL PVT. LTD.**
Maitidevi-29, Kathmandu. Tel: 015909028

**PRICE LIST** *(Effective from Date 2080/05/16)*

**FRIGOGLASS (CHEST FREEZER)**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 1 | 250 Ltr | FH1D 250CT | 41,376.31 |
| 2 | 350 Ltr | FH2D 350CT | 48,832.36 |
| 3 | 450 Ltr | FH2D 450CT | 60,767.20 |
| 4 | 560 Ltr | FH2D 560CT | 71,136.35 |

**FRIGOGLASS SHOWCASE**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 5 | 295 Ltr | VG1D 295 | 59,629.05 |
| 6 | 370 Ltr | VG1D 370 | 64,106.53 |
| 7 | 450 Ltr | VG1D 450 | 80,154.50 |
| 8 | 600 Ltr | VG1D 600 | 101,636.59 |
| 9 | 1000 Ltr | VG2D 1000 | 169,707.72 |

*All prices are inclusive of VAT.*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०५/२७ मा दर्ता भएको **प्रा.लि. नं. ११६०४०** को **चितवन मार्वल सप्लायर्स एण्ड ट्रेडिङ्ग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशाशन कार्यालय

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६८/०१/१९ मा दर्ता भएको दर्ता नं. १०४३ को **कम्युनिटी डेभलपमेण्ट फाउण्डेशन** नामक संस्थाले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त संस्थाले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त फाउण्डेशन दर्ता खारेज गरिनेछ ।

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MABIA SERVICES L.L.C.
पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291959 चलानी नं. ६०२०७१२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 80 | 40 | 900 | ३२५८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MABIA HOSPITALITY L.L.C.
पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291951 चलानी नं. ६०२०७१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 100 | 50 | 900 | ३२५८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Stargate hospitality LLC
पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291952 चलानी नं. ६०२०७१२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 40 | 50 | 900 | ३२५८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान:
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।
लक्की सेभन ट्रेडिङ सेन्टर दमक मिति: २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।
अब्टोपस ट्रेडिङ सेन्टर दमक मिति: २०८० भदौ २७ गते (13th Sep. 2023) मा हुनेछ ।
सिपी होटल विर्तामोड मिति: २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।
अन्जली ट्रेडिङ सेन्टर मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३१ गते (17th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम ईजाजत नं ११९/०५५/०५६
**ASIA LINK SERVICES PVT. LTD.**
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण (Scoping) बारेको सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८०/०५/१८**

बाग्मती प्रदेश, काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं ५ मा ए थ्रि होल्डिङ्गस् कं. प्रा. लि. द्वारा प्रस्तावित निम्न बमोजिमको बुढानिलकण्ठ अपार्टमेन्टको कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ए थ्रि होल्डिङ्गस् कं. प्रा. लि.<br>बाग्मती प्रदेश, ललितपुर महानगरपालिका-१५, सातदोबाटो<br>फोन नंः ०१-५३६२४२३ ईमेलः A3holding@gmail.com |
| प्रस्तावको व्यहोरा | बुढानिलकण्ठ नगरपालिका-५ मा ३,०९६.१६ वर्ग मि. को कित्ता नम्बर २३८ को जग्गामा बुढानिलकण्ठ अपार्टमेन्ट बन्न लागेको छ जसमा बेसमेन्ट बाहेक ११ वटा तल्लाहरु रहने छन् जस अन्तर्गत १ वटा डिपार्टमेन्ट स्टोर, ७२ वटा अपार्टमेन्ट तथा १४ वटा Penthouse हरु रहने छन्। यस भवनको बेसमेन्ट सहितको कूल निर्माण क्षेत्रफल १५,७०५.४६४ वर्ग मि. हुनेछ भने उचाई ४२.४१ मिटर हुनेछ। |
| प्रभाव पर्न सक्ने न.पा. | बुढानिलकण्ठ नगरपालिका वडा नं. ५ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका वडा कार्यलय, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सातदिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ए थ्रि होल्डिङ्गस् कं. प्रा.लि.<br>बाग्मती प्रदेश, ललितपुर महानगरपालिका-१५, सातदोबाटो<br>फोन नंः ०१-५३६२४२३, ईमेलः A3holding@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | देउराली कन्सल्टिङ इन्जिनियर्स प्रा.लि., पोखरा, नेपाल<br>फोन नंः ९८५१०७३७४५<br>ईमेलः deuralicon@hotmail.com |

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAX SECURE SECURITY SERVICES LLC
पूर्व स्वीकृति मिति:२०७९/०७/१४ पुन विज्ञापन स्वीकृति मिति:२०८०/०५/१७ चलानी नं.६०२०७०९५ LT. No.274319

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 60 | 20 | 1600 | ५७,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SWIFT HANDY HOSPITALITY SERVICES
पूर्व स्वीकृति मिति २०८०/०३/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No.288161 चलानी नं. ६०२०३४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Specialist | 5 | 0 | 4200 | १५०,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Market Manager | 1 | 0 | 5700 | २०४,०७० | | | | | | | |
| 3 | Waitress | 0 | 16 | 1400 | ५०,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE Pvt. Ltd. Kathmandu, Nepal
**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QUICK STAR SUPERMARKET WLL.
पूर्व स्वीकृति मिति : २०८०/०२/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 286632 चलानी नं : ६०२०२१३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 0 | 6 | 2500 | ९१,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Executive Sales | 0 | 3 | 3500 | १२७,४७५ | | | | | | | |
| 3 | Cashier | 0 | 2 | 2500 | ९१,०५५ | | | | | | | |
| 4 | Sales Manager | 0 | 1 | 4500 | १६३,९०० | | | | | | | |
| 5 | Purchase Rep | 0 | 1 | 3500 | १२७,४७५ | | | | | | | |
| 6 | Sales Employee | 0 | 1 | 1500 | ५४,६३५ | | | | | | | |
| 7 | Busin Executive | 0 | 1 | 4000 | १४५,६९० | | | | | | | |
| 8 | Gen Clean Worker | 0 | 1 | 1100 | ४०,०६५ | | | | | | | |
| 9 | Gen Clean Worker | 1 | 0 | 1100 | ४०,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम ईजाजत नं. १३०२/०७४/०७५

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD
पूर्व स्वीकृति मिति : २०७९/१०/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 280320 चलानी नं.६०१९५८२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 12 | 0 | 120 | ४१,५४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 68 | 0 | 100 | ३४,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**K & C International Pvt. Ltd**
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633

## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES
पूर्व स्वीकृति मिति २०८०/०२/२० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 287123 चलानी नं. ६०२०२५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4500 | १६३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 5 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 3 | Data Entry | 12 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 4 | Driver | 5 | 0 | 2200 | ७९,८४० | | | | | | | |
| 5 | Foreman | 7 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | General Clean Worker | 1 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Guard | 1 | 0 | 1800 | ६५,३१५ | | | | | | | |
| 8 | Labour | 30 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Marketing Representative | 0 | 1 | 4000 | १४५,१६५ | | | | | | | |
| 10 | Receptionist | 1 | 2 | 1700 | ६१,६९५ | | | | | | | |
| 11 | Representative | 2 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 12 | Supervisior | 8 | 0 | 2500 | ९०,७३० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : JING MENT LADIES BEAUTY SALON.
पूर्व स्वीकृति मिति २०७८/०८/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 251134 चलानी नं. ६०१६८११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautican | 0 | 5 | 150 | ६४,५२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Indoor) | 0 | 4 | 100 | ४३,०१५ | | | | | | | |
| 3 | Hair Dresser | 0 | 5 | 150 | ६४,५२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

# प्रभाव दैनिक

सोमबार, १८ भदौ २०८० (Monday, September 4, 2023)


## रूपशाला

### रायमाझीको पहिलो एकल साँझ

संगीतकार तथा गायक नारायण रायमाझी जीवनकै पहिलोपटक एकल साँझमा गुञ्जिएका छन् । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानले शुक्रबार आयोजना गरेको 'नारायण रायमाझी सांगीतिक साँझ २०८०' उनले आफ्नो कालजयी गीतबाट दर्शक रिझाएका हुन् । प्रज्ञा प्रतिष्ठान कमलादीमा आयोजित कार्यक्रममा रायमाझीले सम्झी रेलिमै, फुलबुट्टे चोलीमा, राम्दीपुल तर्ने बित्तिकै, गेटमा बेली जाई, कालो केशमा रातो रिबन, पसिनाले पैसा साटेर, माया पैँचो नदेऊ साइँली, लाइछौ बेसन, नमुछे आमा दहीमा टीका, हाँसेर बोलीदेऊ माया, सान्नानीले झुक्यायो मलाईलगायत गीतमार्फत दर्शकलाई मन्त्रमुग्ध पारेका थिए ।






# "एक भगवत् गीता" को ट्रेलर सार्वजनिक

**काठमाडौं (प्रस)–** नेपाली चलचित्र 'एक भगवत् गीता' को श्रव्यदृश्य (ट्रेलर) सार्वजनिक गरिएको छ । सार्वजनिक श्रव्यदृश्यमा अभिनेता विपीन कार्की 'कमलामाई' को भूमिकामा छन् । पहिलोपटक यस किसिमको भूमिका निर्वाह गर्दा आफूले उक्त समुदायलाई बुझ्न पाएको अभिनेता कार्कीले बताए ।

'उहाँहरूलाई छायांकनपछि अहिले दृश्य हेरिरहँदा झनै बुझेको महसुस गरें । म भावुक भए किनकि उहाँहरू संघर्षशील छन्,' अभिनेता कार्कीले भने, 'म राम्रै मैथली बोल्छु । त्यही कारण तराईको चरित्रलाई पर्दासम्म ल्याउन कठिनाइ भने भएन । यद्यपि, हामीले सबैले सहजै बुझ्ने मैथली नेपाली लवजको प्रयोग गरेका छौं ।'

अभिनेत्री सुहाना थापाले कलाकार भएपछि मनोरञ्जनसँगै सन्देश प्रवाह गर्ने उद्देश्यले यो कथामा चलचित्र बनाउन आफ्नो कम्पनीलाई प्रेरित गरेको बताइन् । उनले भनिन्, 'हामीले हाम्रो मौलिकतालाई अगाडि ल्याएका छौं । यसले मिथिलाको कता भनेको छ । यद्यपि चलचित्र हेर्ने दर्शकले भरपुर मनोरञ्जन पाउनुहुनेछ ।'

यौनिक लैंगिक अल्पसंख्यक समुदायलाई सम्मान, माया र सद्भाव व्यक्त गर्नुपर्ने निर्देशक झरना थापाले बताए । उनले भनिन्, 'लगातार हामीले निर्माण गरिरहेको चलचित्रमा यो फरक छ । प्रेम कथानकभन्दा बाहिर आएर समाजमा रहेको समस्यालाई उठाउने कोसिस गरेका छौं ।'

चलचित्रमा धीरज मगर, कविर खड्का, जेविश र जेविन श्रेष्ठ, सञ्जोग रसाइली, मुकेश झा लगायतका कलाकारले अभिनय गरेका छन् । सुनिलकुमार थापाले निर्माण गर्नुभएको चलचित्रमा निर्देशक थापासँगै सरिन पोखरेल, परिच्छेद सेन, पुरुषोत्तम ढुंगेलले पटकथा, राजेश श्रेष्ठले छायांकन, मित्र डी गुरुङले सम्पादन, हिमाल केसीले द्वन्द्व निर्देशन गरेका छन् ।

## सहिदपार्कमा अक्षरयात्राको २०२ औं शृंखला

गण्डकी (प्रस)- गजल सन्ध्या, पोखरा नेपाल र नवनित साहित्य सागरको संयुक्त आयोजनामा हरेक महिनाको तेस्रो शनिबार सञ्चालन हुने ' अक्षरयात्रा' को २०२औं शृंखला पोखराको सहिदचोकस्थित पार्कमा आइतबार सम्पन्न भएको छ । 'जीवन र जगत्को यथार्थबोधका लागि अक्षरयात्रा' भन्ने मूल नाराका साथ विभिन्न स्थानमा पुगेर सो स्थान एवं परिवेशलाई साहित्यकारहरू आ-आफ्ना रचनामा अधिकांश विषय सहिदको सम्झना, उनीहरूको बलिदानी एवं समसामयिक विषयलाई उतार्न केन्द्रित थिए ।

कार्यक्रममा लक्ष्मण थापा, सुरज उपाध्याय, सञ्जीव पौडेल, प्राञ्जल, लाल कार्की 'अञ्जान,' श्रीराम अधिकारी 'गोर्जे,' रामजीप्रसाद आचार्य, माधव खतिवडा, विष्णु सुवेदी, लक्ष्मी देवकोटा, ढाकामोहन बराल, भावना रानाभाट, सङ्केत आचार्यलगायत कवि तथा कवियत्रीले आ-आफ्ना रचना वाचन गरेका थिए ।

साहित्यको विकासमा महत्त्वपूर्ण योगदान गर्दै आएको अक्षरयात्रा वि.सं. २०६२ देखि निरन्तर सञ्चालित छ । गजल सन्ध्या पोखरा, नेपालका उपाध्यक्ष सुरज उपाध्यायको अध्यक्षतामा भएको उक्त कार्यक्रम सोही संस्थाका संस्थाका सदस्य माधव खतिवडाले सञ्चालन गरेका थिए ।



**प्रारम्भ प्रोडक्सनले सेप्टेम्बर १५ मा आयोजना गर्न गइरहेको ग्ल्याम नेपाल इन्टेनेसनलमा सहभागी हुने अन्तिम २४ प्रतिस्पर्धी सार्वजनिक गरिँदै ।** ***तस्बिरः किरणराज विष्ट/रासस***

## साहित्य महोत्सवमा गीतसंगीतको चर्चा

**ललितपुर (प्रस)–** त्रिदिवसीय 'काठमाडौं-कलिङ साहित्य महोत्सव' मा गीतसंगीतका विषयमा छलफल गरिएको छ । 'गीतमा के भइरहेको छ ?' सत्रमा गीतकार एसपी कोइराला, उन्नती बोहोरा 'सिला' र हर्क साउदले छलफल गरे ।

रेडियो नेपालकालीन समयदेखि नै गीत रचना गरिरहेका गीतकार कोइरालाले रेकर्डिङका समयमा खेप्नुपरेका समस्याबारे चर्चा गरे । 'एउटा गीत रेकर्ड हुँदै थियो । आधातिर पुगेपछि बाँसुरी बजाउनेलाई खोकी लागेपछि उक्त रेकर्ड नै दोहोऱ्याएर गर्नुपऱ्यो,' उनले भने, 'अहिले गीतसंगीतका क्षेत्रमा प्रविधिले निकै परिवर्तन ल्याएको छ ।'

गीत उद्योगका रुपमा विकास हुँदै गएको बताउँदै कोइरालाले पछिल्लो समय धेरै गीतकार बजारमा आएका बताए । गीतकारहरु संगठित भएका भन्दै गीतकारको लगानीको प्रतिफल भने सुरक्षित हुन नसकेको उनले बताए ।

गीतकार बोहोराले आफूलाई चिनाउने गीत 'फर्की आऊ शान्ति तिमी' को प्रसंग स्मरण गरिन् । उनले भनिन्, 'तत्कालीन समयमा देशको शान्तिसुरक्षा खलबलिएका बेला यो गीतको रचना गरेकी थिएँ । त्यसपछि धरतीको सन्देश लेखेँ । राष्ट्रियताको गीतले शान्तिको आह्वान गरेको थियो ।' गीत लेख्न गहिरो चिन्तन र साधना चाहिने उनले अनुभव साटिन् ।

## रंगशाला

### एसिया कप क्रिकेट

# भारतलाई हराए नेपाल सुपर फोरमा पुग्ने





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत दोस्रो खेलमा आज नेपालले भारतको सामना गर्दै छ । नेपाल र भारतबीचको विजेता टोली सुपर फोरमा पुग्नेछ ।

श्रीलंकाको पालेकेले इन्टरनेसनल क्रिकेट रंगशालामा आज हुने समूह 'ए' अन्तर्गतको खेलमा नेपाल र भारतबीचको विजेता टोली एसिया कपको सुपर फोरमा पुग्ने दोस्रो टोलीको टुंगो लाग्नेछ । समूह 'ए' मा रहेको पाकिस्तान भने सुपर फोरमा पुगिसकेको छ ।

नेपाल र भारत पहिलोपटक सिनियर टोलीमा आमनेसामने हुन लागेका हुन् । अन्तर र्राष्ट्रिय क्रिकेट खेल्न लागेको करिब २७ वर्षपछि नेपालले भारतसँग पहिलोपटक खेल्ने मौका पाएको हो । त्यस्तै एसिया कपमा नेपालको यो पहिलो सहभागिता पनि हो । नेपालले सन् २०१७ मा भने भारतको यू-१९ टोलीसँग खेलेको थियो । मलेसियामा भएको उक्त यू-१९ एसिया कप क्रिकेटमा नेपालले भारतलाई १९ रनले पराजित गर्दै ऐतिहासिक नतिजा हात पारेको थियो । अब नेपालले सिनियर टोलीमा पहिलोपटक भारतसँग खेल्दै नयाँ इतिहास कायम गर्नेछ ।

समूह 'ए' मा रहेका नेपाल र भारतले समान एक-एक खेलका छन् । जसमा नेपाल पाकिस्तानसँग पराजित भएको थियो भने भारतले पाकिस्तानसँग अंक बाँडेको थियो । वर्षाका कारण भारत र पाकिस्तानबीचको खेल रद्द भएपछि दुवै टोलीले समान एक-एक अंक बाँडेका हुन् ।

समूह 'ए' मा पाकिस्तान शीर्ष स्थानमा छ । त्यस्तै भारत दोस्रो स्थानमा रहँदा नेपाल तेस्रो स्थानमा छ । पाकिस्तान दुई खेलमा एकमा जित र एकमा अंक बाँड्दै तीन अंकका साथ सुपर फोरमा पुगिसकेको हो । भारतको एक खेलमा एक अंक छ । एक खेल खेलेको नेपाल अंकविहीन छ । नेपाल पहिलो खेलमा पाकिस्तानसँग २३८ रनको फराकिलो अन्तरले पराजित भएको थियो ।

समूह चरणको अन्तिम खेलमा नेपाल विजयी भएमा एसिया कपको सुपर फोरमा पुग्नेछ । अन्यथा नेपाल प्रतियोगिताबाट बाहिरिनेछ । समूह 'बी'मा अफगानिस्तान, बंगलादेश र श्रीलंका छन् । हरेक समूहका शीर्ष दुई टोली सुपर फोरमा स्थान बनाउनेछन् । सुपर फोरबाट शीर्ष दुई टोली फाइनलमा पुग्नेछन् ।

नेपाली टोलीमा कप्तान रोहितकुमार पौडेलसहित आशिफ शेख, कुशल भुर्तेल, सन्दीप लामिछाने, ललितनारायण राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी, करण केसी, गुल्शन झा, आरिफ शेख, सोमपाल कामी, अर्जुन साउद, प्रतिश जिसी, किशोर महतो, सन्दीप जोरा र श्याम ढकाल रहेका छन् ।

# नेपालको लगातार तेस्रो जित

**काठमाडौं (प्रस)–** आइसिसी महिला टी-२० विश्वकप एसिया क्षेत्र छनोट खेलमा नेपालले आइतबार भुटानलाई पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित निकालेको छ । मलेसियाको क्वालालम्पुरस्थित युकेएम वाइएसडी रंगशालामा भएको खेलमा नेपालले भुटानलाई तीन विकेटले पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित हासिल गरेको हो ।

यससँगै छ अंक जोडेको नेपालको सेमिफाइनलमा पुग्ने सम्भावना बलियो बनेको छ । नेपालले पहिलो खेलमा मलेसियालाई पाँच रनले पराजित गरेको थियो भने दोस्रो खेलमा बहराइनलाई १० विकेटले हराएको थियो । भुटानले प्रस्तुत गरेको ४० रनको सामान्य लक्ष्य नेपालले १३.२ ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालका लागि कप्तान रुविना क्षेत्रीले अविजित १२ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।




भुटानका लागि अञ्जुली घलेले तीन, छिरिङ जांमोले दुई तथा सोनम छोदेन र अञ्जु गुरुङले समान एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको भुटानले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै ३९ रनको योगफल बनाएको थियो ।

भुटानका लागि कप्तान डिचेन वाङ्गमोले २१ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । भुटानलाई सस्तैमा समेट्ने क्रममा नेपालका लागि पूजा महतोले तीन विकेट लिइन् भने कविता कुँवर, खुसी डंगोल र रुबिना क्षेत्रीले समान एक/एक विकेट झारे । नेपालले अब आज कतारसँग खेल्नेछ ।

# ब्याडमिन्टनमा पदक विजेता अभयलाई सम्मान

**कपिलवस्तु (प्रस)–** गत भदौ ५ गते काठमाडौंमा सम्पन्न दक्षिण एसिया क्षेत्रीय जुनियर च्याम्पियन यु-१७ ब्याडमिन्टन पुरुष डबल्समा रजत पदक जितेका कपिलवस्तुका अभय महरालाई जिल्लामा स्वागत एवं सम्मान गरिएको छ । कपिलवस्तु नगरपालिका वडा नम्बर १ ले महरालाई वडा कार्यालयमा आयोजित एक समारोहबीच सम्मान गरेको हो ।

वडाध्यक्ष जाहिद खाँले टीका र खादा ओढाउँदै प्रशंसापत्र र बुद्धको मूर्ति हस्तान्तरण गरे । सो अवसरमा वडाध्यक्ष खाँले अहिलेका युवाहरु वैदेशिक रोजगारीमा जाने चलन बढी रहेको बेला अभयले भने स्वदेश र जिल्लामै बसेर खेलाडीका रुपमा मुलुककै शिर उचो बनाएको बताए । उनले अभयसहित सबै खेलाडीहरुलाई तीनै तहको सरकारले लगानी गरी उत्साह बढाउनुपर्ने बताए ।

सो अवसरमा अभयका बुबा एडिशन महरा, हजुर बुवा वसन्त महरालाई समेत खादा ओढाएर सम्मानित गरिएको थियो ।



कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजेशकुमार पाण्डेय, पत्रकार महासंघ जिल्ला अध्यक्ष किरणमान बज्राचार्यलगायतको सहभागिता थियो ।

कपिलवस्तु नगरपालिकाले आउने आइतबार सम्मान गर्ने कार्यक्रम राखेको छ । सशस्त्र प्रहरी बलको हलचोकस्थित कबर्डहलमा मंगलबार सम्पन्न फाइनल खेलमा नेपालका खेलाडी अभय र कविर केसीको जोडीले रजत पदक जितेको थियो ।

# राष्ट्रिय फुटबल टोलीको घोषणा

काठमाडौं (प्रस)- नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो एनेसले म्यानमारसँग हुने दुई मैत्रीपूर्ण फुटबल खेलका लागि आइतबार २३ सदस्यीय नेपाली टोलीको घोषणा गरेका छन् ।

नेपाली फुटबल टोलीले फिफा विश्वकप-२०२६ तथा एएफसी एसियन कप-२०२७ छनोटको प्रारम्भिक चरणको तयारीस्वरुप म्यानमारसँग मैत्रीपूर्ण खेल खेल्न लागेको हो । मैत्रीपूर्ण खेल यही भदौ २२ र २५ गते म्यानमारसँग म्यानरमारमै हुनेछ । छनोट हुने नेपाली टोलीको गोलरकिपरमा किरणकुमार लिम्बू, अभिषेक बराल र दीप कार्की छन् ।

त्यस्तै रक्षकमा सनिश श्रेष्ठ, अनन्त तामाङ, रोहित चन्द, आशिष गुरुङ, छिरिङ लामा र अञ्जन राई छन् । मिडफिल्डरमा एरिक विष्ट, सुदीप गुरुङ, लाकेन लिम्बू, आवास लामिछाने, कृतिशरत्न छुन्जु र उत्सव राई छन् । फरवार्डमा आयुष घलान, नवयुग श्रेष्ठ, अञ्जन विष्ट, मनिष डाँगी, आशिष चौधरी, जिलेस्पीजङ्ग कार्की, दिनेश हेञ्जन र हिसुब थपलिया छन् ।

# आर्थिक संकटबीच सिरियाली बालबालिका विद्यालय फर्कंदै

दमास्कस- युद्ध, विनासकारी भूकम्प र गहिरो आर्थिक संकटको सामना गर्दै सरकार नियन्त्रित क्षेत्रमा रहेका करिब ४० लाख सिरियाली विद्यार्थी आइतबार विद्यालय फर्केका छन् । तर, संयुक्त राष्ट्रसंघका अनुसार धेरै शैक्षिक सुविधाहरू क्षतिग्रस्त वा नष्ट भएको र ९० प्रतिशत मानिस गरिबीको रेखामुनि रहेको देशमा धेरै बालबालिकालाई राख्ने कक्षाकोठासमेतको अभाव छ ।

सिरियाको शिक्षा मन्त्रालयले शनिबार विद्यालयहरूलाई विद्यार्थीहरूका लागि आवश्यक लगानी कम गर्न 'विद्यालय पोसाकका लागि कडा नियम लागू नगर्न आग्रह गरेको राज्य सञ्चालित समाचार संस्था, सानाले जनाएको छ । सानाले भनेको छ, 'देशले सामना गरिरहेको कठिन आर्थिक अवस्थालाई ध्यानमा राख्दै र जनसंख्यामा वित्तीय बोझ कम गर्ने प्रयासको एक भागको रूपमा यी उपायहरू प्रस्तुत गरिएको छ ।'

करिब ३७ लाखभन्दा बढी विद्यार्थीका लागि १४ हजार ५०५ विद्यालयबाट पठनपाठन गराउने गरी शैक्षिक सत्र २०२३/२०२४ सुरू भएको छ । सिरियामा सन् २०११ पछि भएको रक्तपातपूर्ण द्वन्द्वका कारण पाँच लाखभन्दा बढीको ज्यान गइसकेको छ, लाखौं मानिस विस्थापित भएका छन् र देशलाई आर्थिक संकटमा धकेलेको छ ।

युद्धले शैक्षिक पूर्वाधारको व्यापक विनास गरेको छ जसले गर्दा शैक्षिक सुविधाहरूमा असर पारेको छ, धेरै विद्यालय भवनहरू भत्किएका छन् र कैयौं आश्रयस्थलहरूमा परिणत भएका छन् । 'सन् २०२३ को फेब्रुअरीमा गएको भूकम्पअघि पनि तीनमध्ये एक विद्यालय सेवाविहीन थिए,' संयुक्त राष्ट्रसंघीय बालबालिकासम्बन्धी निकायले हालै सार्वजनिक गरेको प्रतिवेदनमा भनिएको छ । प्राकृतिक प्रकोपले शिक्षा क्षेत्रमा अनुमानित थप २७७ मिलियन डलरको क्षति पुऱ्याएको छ । युनिसेफले भनेको छ, 'अहिलेको आर्थिक वृद्धिदरमा युनिसेफ र शिक्षा साझेदारहरूलाई क्षतिग्रस्त विद्यालयहरूको पुनर्स्थापनाका लागि थप ३० वर्ष लाग्नेछ ।'

विद्यालय जाने उमेरसमूहका एक तिहाइ अर्थात् करिब २४ लाख बालबालिका विद्यालय गएका छैनन् भने अन्य १६ लाख बालबालिका विद्यालय छाड्ने जोखिममा रहेको प्रतिवेदनमा उल्लेख छ । वर्षौंको युद्ध र पश्चिमा प्रतिबन्धका कारण आफ्नो क्रयशक्तिमा आएको भारी कमीका कारण आफ्नो आधारभूत आवश्यकता पूरा गर्न संघर्ष गरिरहेका आफ्ना परिवारलाई सहयोग गर्न धेरैले विद्यालय छोड्न बाध्य भएका छन् ।

सिरियाको सरकारी सेनाले वर्षौंको लडाइँपछि देशका अधिकांश भूभागमा पुनः नियन्त्रण कायम गरेको छ तर सिरियाका १४ मध्ये सातवटा प्रान्तका क्षेत्र दमास्कसको नियन्त्रणभन्दा बाहिर छन् । देशको उत्तरपूर्वी क्षेत्रमा अर्धस्वायत्त कुर्द प्रशासनद्वारा नियन्त्रित क्षेत्रहरूमा आइतबार पनि विद्यालय वर्षको सुरुआत भएको छ । *रासस/एएफपी*

# रूसी सेनामा दुई लाख ८० हजार भर्ती

**मस्को-** रुसका पूर्वराष्ट्रपति तथा सुरक्षा परिषद्का अध्यक्ष दिमित्री मेदभदेवले बितेका आठ महिनामा रूसी सेनामा दुई लाख ८० हजार मानिसलाई भर्ती गरिएको बताएका छन् । सुदूरपूर्वी टापु सखालिनको भ्रमणमा रहेका पूर्वराष्ट्रपतिले आइतबार उक्त जानकारी दिएका हुन् ।

युक्रेनसँगको आक्रामक कारबाही १९औं महिनामा चलिरहेका बेला धेरैभन्दा धेरै पुरुषलाई सेनामा आकर्षित गर्ने प्रयास भएको बताउँदै उनले केही स्वयंसेवक र जगेडामा रहेका सैनिकलाई रणमैदानमा परिचालन गरिएको बताएका छन् ।

रूसी सेनाले अनलाइन र रूसी सडकहरूमा व्यापक विज्ञापन निकालेर स्वयंसेवक भर्ती गर्न ठूलो प्रचार अभियान पनि सञ्चालन गरेको छ । सन् २००८ देखि २०१२ सम्म रुसको नेतृत्व गरेका मेदभदेवले युक्रेन आक्रमणको समर्थन गर्दै आएका छन् । *रासस/एएफपी*

# मध्यआकाशमा इजिप्टको विमानमा इन्धन हालियो

**कायरो-** भारतीय वायु सेनाको विमानले मध्यआकाशमा इजिप्टको जेट विमानमा इन्धन हालिदिएको छ ।

ब्राइटस्टार सैन्य अभ्यासअन्तर्गत भारतीय वायुसेनाको आकाशमा नै इन्धन भर्ने आइएल-७८ विमानले इजिप्टको वायुसेनाको विमानमा आइतबार इन्धन भरेको हो । 'इजिप्टको आकाशमा भारत-इजिप्ट मैत्रीलाई ब्राइट स्टार-२३ को माध्यमबाट अझ सुदृढ बनाउने प्रयास भएको छ,' भारतीय वायुसेनाले आफ्ना केही सैन्य अधिकारी आगामी तीनसाता इजिप्टमा रहने जनाउँदै सामाजिक सञ्जालमा भनेको छ ।

यसैबीच, भारतको रक्षा मन्त्रालयले पारस्परिक प्रतिरक्षा सहयोग सुदृढ तुल्याउने उद्देश्यले उक्त द्विवार्षिकी बहुपक्षीय अभ्यासमा वासुसेनाका एक सय ५० जना कर्मचारी ब्राइट स्टार-२३ मा सहभागी हुन इजिप्ट पुगेका जनाएको छ ।

ब्राइटस्टार संयुक्त सैन्य अभ्यासमा अमेरिका, साउदी अरब ग्रीस र कतारका वायुसेनाका अधिकारीले पनि भाग लिएका रक्षा मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । रासस/एएनआई

# आँधीबाट सावधानी अपनाउन मछुवा र नौसेनालाई निर्देशन

**कोलम्बो-** श्रीलंकाको मौसम विज्ञान विभागले आइतबार टापुको तटीय क्षेत्रमा हावाको गति ६० देखि ७० किलोमिटर प्रतिघण्टासम्म बढ्न सक्ने पूर्वानुमान गर्दै जलसेना तथा मछुवालाई सतर्क रहन आग्रह गरेको छ ।

हम्बनटोटादेखि पोट्टुभिलसम्मको समुद्री क्षेत्र र पुत्तलामदेखि मन्नार, कनकासन्थुराई हुँदै त्रिन्कोमालीसम्मको समुद्री क्षेत्रमा हावाको गति बढ्न सक्ने विभागले जनाएको छ । 'पुत्तलामदेखि कोलम्बो र गाले हुँदै हम्बनटोटासम्म फैलिएको समुद्री क्षेत्रमा कहिलेकाहीँ हावाको गति ५० देखि ६० किलोमिटर प्रतिघण्टासम्म बढ्न सक्छ । उपरोक्त समुद्री क्षेत्रमा माछा मार्ने र नौसैनिक गतिविधिमा संलग्न नौसेना र माछा मार्ने समुदायहरूलाई यस सम्बन्धमा सतर्क रहन अनुरोध गरिएको छ ।

मौसम पूर्वानुमान महाशाखाले एक छुट्टै पूर्वानुमान जारी गर्दै देशको दक्षिण-पश्चिमी भू-भागमा अझै वर्षाको सम्भावना रहेको जनाएको छ । पश्चिमी र सबरागामुवा प्रान्तका केही स्थानमा तथा गाले, मातरारा र नुवारा एलिया जिल्लाका केही स्थानमा १०० मिलिमिटरभन्दा माथिको भारी वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

## अधिकृत वारिसनामा बदर गरिएको सूचना

मन बहादुर सुनारको नाती, तुल प्रसादको सुनारको छोरा, रुपन्देहि जिल्ला, कञ्चन गा.पा.वडा नं.१ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.२९ कालिकास्थान बस्ने बर्ष ३३ को प्रेम सुनवार (ना.प्र.नं.३७३१३,जारी २०६३-०३-१३ जिप्रका.रुपन्देहि), म प्रेम सुनवार, अम्बिका राई र दिपक मण्डल समेत तीन जना वादी र प्रतिबादि राजेन्द्र कुमार तामाङ्ग भई सम्मातिन काठमाण्डौ जिल्ला अदालतमा कार्वाहियुक्त विचाराधिन अवस्थामा रहेको मु.नं. ०७६-CP-११६५ को "बैना करार बमोजिनको रकम फिर्ता दिलाई पाउँ" भन्ने मुद्दामा तारेखमा हाजिर भई मुद्दा पुर्पक्ष गर्न, मिलापत्र गर्न,फैसला बमोजिम कार्यान्वयन गरि रकम समेत बुझ्न तथा पुनराबेदन समेत गर्न तथा प्रतिबादिले पुनराबेदन गरेमा सम्बन्धित अदालतमा उपस्थित हुन म विदेश जानु पर्ने भएकाले असमर्थ हुने हुदाँ हाल उक्त मुद्दामा मेरो तर्फबाट तारेख रुजु हाजिर भई मुद्दा पुर्पक्ष गर्नको लागि रमण महर्जनलाई साधारण वारेस नियुक्त गरि राखेकोमा निज वारेसलाई बदली गरी उल्लेखित कार्य गर्न मेरो सट्टामा ऐनले अधिकृत वारेस दिन मिल्ने नर बहादुर ठकुरीको नाती, सम्भु ज्यु ठकुरीको छोरा, सिरहा जिल्ला बिष्णुपुरकट्टी गा.वि.स. वडा नं.४ बस्ने वर्ष ३४ को सतेन्द्र ठकुरी (ना.प्र.नं.७७४,जारी २०६३-०३-१८, जिप्रका. लहान) लाई मिति २०७७-०६-२६ मा काठमाण्डौ जिल्ला अदालतबाट मुलुकी दवानी कार्यविधि सहिंता २०७४ को दफा १५३(१) वमोजिम अधिकृत वारिस प्रमाणित गरिदिएको थिए। म हाल नेपाल फर्कि आएको र उर्पयुक्त कार्य म आफैले गर्ने भएको हुदा उक्त अधिकृत वारिसनामा हाल आवश्यक नभएको हुदाँ आजको मितिबाट लागु हुने गरी ऐ को दफा १५५(१) को (ग) बमोजिम अधिकृत वारेस बदर गरेको सुचना प्रकाशित गरिएको छ । इति सम्बत २०८० भाद्र १८ गते सोमवार


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED YOSR MUBARAK EST.FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०४/३१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 291078 चलानी नं.६०२०६३०३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Office and Facility Cleaning Worker | 6 | 0 | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ र २६ गते (11,12th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSES P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com
Govt. License 771/065/066



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIRST FLAMES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/२२ LT. No. 290569 चलानी नं. ६०२०५८१५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 150 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. ३०७/०५९/६०
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Mobile: 9803411034
Email: service.bhairabintl@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SSAQF ALSSULB CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291940 चलानी नं. ६०२०७१११

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | CERAMIC WORKER | 10 | 0 | 1100 | ४०,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ALL RAHIM MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544429,
Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com /
info@allrahimmanpower.com, Website : allrahimmanpower.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOME CLEANING GENERAL TRADING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 291909 चलानी नं.६०२०७१३२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 0 | 8 | 100 | ४३,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : K-FORCE SECURITY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 285313 चलानी नं. ६०२००७४४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guards | 93 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: खुकुरी होटल, ईटहरी, आईतबारे ६, सुनसरीमा मिति: २०८० भदौ २५ र २६ गते (11/12th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAHATAN GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/०८/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१७ LT. No. 276507 चलानी नं. ६०१९३२२५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Equipment Driver | 4 | 0 | 1900 | ६७,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAMS AL MAWADA TECHNICAL AND CLEANIG SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/०५/१७ LT. No.291914 चलानी नं. : ६०२०७१२१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Brick Mason | 1 | 0 | 1000 | ३६,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commercial Sales Representative | 4 | 0 | 1730 | ६२,६४० | | | | | | | |
| 3 | Data Entry Clerk | 1 | 0 | 1300 | ४७,०७० | | | | | | | |
| 4 | Purchasing Representative | 1 | 0 | 1730 | ६२,६४० | | | | | | | |
| 5 | Stone Mason | 2 | 0 | 1000 | ३६,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.**
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9808018084, 9868005965



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११२६०० | प्रति तोला - ११२०५० | प्रति तोला - १४२० |



**तानमा अल्लोको कपडा** | ताप्लेजुङको सदरमुकाम फुङ्लिङ-५ स्थित उत्तम उल्लो कपडा उद्योगमा तानमा अल्लोको कपडा बुन्दै एक उद्यमी महिला ।
*तस्बिर: दिलकुमार लिम्बू/रासस*

# ऊर्जा मन्त्रालय कृषि समितिको कार्यक्षेत्रभित्र हुनुपर्ने माग

■ प्रभाव संवाददाता



**काठमाडौं–** कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले आफ्नो कार्यक्षेत्रभित्र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय रहने व्यवस्थाका लागि सभामुखसँग अनुरोध गर्ने निर्णय गरेको छ । समितिको आइतबारको बैठकले सिँचाइविना कृषि क्षेत्रको समग्र सुधार कार्य चुनौती खडा हुने भएकाले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई समितिको कार्यक्षेत्रभित्र रहने व्यवस्थाका लागि सभामुखसँग आग्रह गर्ने निर्णय गरेको हो ।

बैठकले कृषि तथा पशुपन्छी विकास र भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको संस्थागत विकास र जिम्मेवारीलगायत विषयबारे आगामी बैठकमा जानकारी लिने पनि निर्णय गरेको छ । बैठकले यसअघि छलफल गरी सरकारलाई दिएको निर्देशन कार्यान्वयनको अवस्थाबारे लिखितरुपमा सात दिनभित्र उपलब्ध गराउन सरकारवाला मन्त्रालयलाई पत्रचार गर्ने निर्णय गरेको छ ।

समितिले मुलुकमा गाँजाखेतीको सम्भावना र सम्भव, बहुउपयोगिता, उत्पादन, प्रशोधन, वितरणलाई कानुनी मान्यता प्रदान गर्ने सन्दर्भमा सरोकारवाला निकायसँग आगामी दिनमा गहन र विस्तृत छलफल गर्ने निर्णय गरेको छ । बैठकले भूमिसम्बन्धी आयोगबाट सम्पादन हुने कार्यलाई व्यवस्थित गर्न मन्त्रालय र आयोगका पदाधिकारीलाई बोलाएर आगामी बैठकमा छलफल गर्ने निर्णय पनि गरेको छ । समितिमा कार्बन उत्सर्गसम्बन्धी भएको नीति र रहेका समयन्त्रबारे वन तथा वातावरण मन्त्रालयसँग माग निर्णय गरेको छ ।

समिति अध्यक्ष डा. आरजु राणा देउवाको अध्यक्षतामा बसेको बैठकमा यसअघि सांसदहरूले गाँजा बहुपयोगी जडीबुटी भएकाले नेपाल सबैजसो भागमा उत्पादनको प्रशस्त सम्भावना रहेकाले यसलाई कानुनी मान्यता प्रदान गरी व्यवस्थित गर्न आवश्यक रहेको सुझाव दिएका थिए । समिति सदस्य दिक्पाल शाहीले बोक्राबाट कपडा, पातबाट औषधि, डाँठबाट दाउरा प्रयोग गर्न सकिने बहुपयोगी गाँजाखेती हाम्रो आवश्यकता भएको जनाउँदै कानुनी मान्यता प्रदान गर्न आवश्यक रहेको बताए ।

अर्का सदस्य विनिता कडायतले कर्णाली क्षेत्रमा गुणस्तरीय गाँजा पाइने भएकाले त्यसको बजारीकरण गरी अप्ठेरोमा परेको अर्थतन्त्रलाई चलायमान तुल्याउन सकिने धारणा राखिन् । सभापति राणाले गाँजाखेतीबारे बजेट वक्तव्यमा उल्लेख भएकाले यसको प्रयोगबारे वैज्ञानिक र बौद्धिक थप बहसको आवश्यकता औंल्याइन् । बैठकमा दैलेखमा बँदेल र बाँदर आतंक, कृषि र जडीबुटीका माध्यमद्वारा अर्थतन्त्रलाई चलायमान तुल्याइनुपर्ने तथा गुठी, जग्गाको कित्ताकाट, कृषि श्रमिकका समस्या, कार्बन उत्सर्जनलगायतका विषयले प्रवेश पाएका थिए ।

# 'आर्थिक कूटनीतिमा निजी क्षेत्रसँग सहकार्य अपरिहार्य'

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको अर्थतन्त्र समस्यामा रहेका बेला उत्पादन र उत्पादकत्व बढाउन आवश्यक वैदेशिक लगानी र निर्यात प्रवर्द्धनमा नेपाली नियोग र निजी क्षेत्रबीच सहकार्यमा जोड दिइएको छ । नेपाल उद्योग वाणिज्य महासंघले आइतबार आयोजना गरेको 'प्रभावकारी आर्थिक कूटनीतिका लागि नेपाली नियोग र निजी क्षेत्र सहकार्य' विषयक छलफलमा वक्ताहरुले उक्त धारणा राखेका हुन् ।

परराष्ट्रमन्त्री एनपी साउदले निर्यात एवं पर्यटन प्रवर्द्धन र विदेशी लगानी आकर्षित गर्न निजी क्षेत्रको सक्रिय भूमिका आवश्यक रहेको बताए । विभिन्न मुलुकका लागि नेपालको तर्फबाट नियुक्त राजदूतहरुले पनि निजी क्षेत्रसंगको सहकार्य गर्नुपर्ने उनको धारणा थियो ।

नेपाल सरकार सुरक्षा परिषद्का सल्लाहकार एवं पूर्वमुख्य तथा परराष्ट्रसचिव शंकरदास वैरागीले नेपाली नियोगहरुले आफ्नो दायरा विस्तार गरी निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने बताए । मुख्यसचिव वैकुण्ठ अर्यालले नवनियुक्त राजदूतहरुलाई शुभकामना दिँदै आर्थिक कूटनीति विस्तारका लागि बहुपक्षीय निकायहरुसँगको सहकार्य पनि आवश्यक रहेको बताए । यसैगरी निजी क्षेत्रले पनि वस्तु र बजार विविधीकरणमा ध्यान दिनुपर्ने बताए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल भण्डारीले अब आर्थिक कूटनीतिलाई श्रम कूटनीति भन्नुपर्ने सुझाव दिए । अर्थसचिव अर्जुन पोखरेलले आर्थिक कूटनीति विस्तारका लागि आवश्यक बजेट व्यवस्था गरिने बताए । वाणिज्यसचिव मधु मरासिनीले विश्व व्यापार संगठनमासमेत हाम्रो भूमिका बढाउन आवश्यक रहेको बताए । यसैगरी अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा पर्ने प्रभाव पनि विश्लेषण गर्नुपर्ने उनको धारणा थियो ।

प्रधानमन्त्री कार्यालयका सचिव गणेश पाण्डेले अति कम विकसित मुलुकबाट स्तरोन्नति हुँदा पर्ने प्रभाव न्यूनीकरणमा पनि नियोगहरुको भूमिका महत्त्वपूर्ण रहने बताए । पर्यटनसचिव भरतमणि सुवेदीले नयाँ खुलेका पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा नियोगहरुको भूमिका महत्त्वपूर्ण रहने बताए । संघीय मामिलासचिव विनोद सिंहले नवनियुक्त राजदूतहरुलाई शुभकामना दिए ।

# सेजनको अध्यक्षमा ओली निर्वाचित

**काठमाडौं (प्रस)–** नेपाल आर्थिक पत्रकार समाज (सेजन)को अध्यक्षमा सुजन ओली निर्वाचित भएका छन् । सेजनको शनिबार राजधानीमा सम्पन्न २५औं वार्षिक साधरणसभा तथा अधिवेशनबाट ओलीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको हो ।

ओलीले ९९ भोट निकटतम प्रतिद्वन्दी शिरोमणी ढुंगानाले ९६ मत प्राप्त गरे । साधारणसभाले उपाध्यक्षमा विनय वज्रालाई निर्वाचित गरेको छ। वज्रा १३५ मत ल्याएर निर्वाचित भएका हुन्। प्रत्यासी भागवत भट्टराईले ११५ मत प्राप्त गरे । यसैगरी महासचिवमा विश्वास रेग्मी निर्विरोध निर्वाचित भए ।

सचिवमा सोभित थपलिया निर्वाचित भएका छन् । थपलियाले १०६ मत पाए । कोषाध्यक्षमा अच्युत पुरी निर्वाचित भएका छन् ।




सेजन सदस्यहरूमा केशु लामिछाने, हेमन्त जोशी, ममता थापा, छवि सापकोटा र वसन्तराज उप्रेती निर्वाचित भएका छन् । सेजनको निर्वाचनमा कूल २७१ मतदातामध्ये २५२ मत खसेको थियो ।

# कृत्रिम गर्भाधारणमा नि:शुल्क पशु प्राविधिक

**मंगलबारे (इलाम)–** इलामको देउमाई नगरपालिका-४ ले किसानका लागि दुई पशु प्राविधिक नि:शुल्क खटाएको छ । पशुको कृत्रिम गर्भाधारणका लागि वडाकै बजेटबाट दुई पशु प्राविधिक खटाइएको हो ।

यस वर्ष पशुमा लाग्ने रोग लम्पी स्किनको महामारीबाट धेरै किसानका पशु मरेको तथा बिरामी परेका कारण किसानलाई राहतस्वरुप प्राविधिक कर्मचारी खटाइएको वडाध्यक्ष भीमलाल खनालले बताए । उनले नश्ल सुरधारमासमेत किसानलाई यस कार्यक्रमले राहत मिल्ने विश्वास लिएको बताए । लम्पी स्किनको संक्रमणले किसानका पशु बिरामी परेको तथा मरेका कारण पनि किसानलाई पशुमा गर्भाधारणमा समस्या हुँदै आएको थियो । यो कार्यक्रमले किसानलाई समेत राहत मिलेको छ ।

गाईभैंसीको कृत्रिम गर्भाधारणमा किसानले कुनै प्राविधिकबापतको रकम तिर्नु पर्दैन । उन्नत जातका पशु उत्पादनमा वडावासीलाई हौसला बढाउनसमेत यो कार्यक्रमले फाइदा मिल्ने विश्वास लिइएको छ। यस कार्यक्रमले किसानले राहत पाएको महसुस गरे यसलाई निरन्तरता दिइने वडाध्यक्ष खनालले बताए ।

यस वडामा बजार क्षेत्र भए पनि उत्तिकै मात्रामा पशुपालन गर्ने किसानसमेत छन् । याक्सी, मझुवा, धुसेनीको माथिल्लो क्षेत्रमा बढी पशुपालन हुँदै आएको छ । किसानमैत्री काम गर्न वडा तथा पालिकाले लाग्नुपर्ने भएकाले पनि सो कार्यक्रमको सुरुवात गरिएको वडा कार्यालयले जनाएको छ । कृषिसँगै स्वास्थ्य, शिक्षा, सडक, पर्यटनलगायतका क्षेत्रमासमेत वडाले थप नयाँ कार्यक्रम ल्याउने तयारी भइरहेको बताइएको छ । *रासस*

# उच्च अंकले घट्यो नेप्से




■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार उच्च अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २९.८१ अंकले ओरालो लागेर एक हजार ९६०.७८ मा सीमित भएको छ ।

यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ५.०९ अंकले ओरालो लागेर ३७६.६२ मा सीमित भएको छ । कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्यमा आइतबार गिरावट देखिएको छ ।

विभिन्न कम्पनीका कूल ४० लाख ५३ हजार ३६८ कित्ता सेयर एक अर्ब १८ करोड ६६ लाख १८ हजार ४१० रुपैयाँ मूल्यमा खरिद बिक्री भए । कारोबारका आधारमा सोल्टी होटल शीर्ष स्थानमा रह्यो । सो कम्पनीको तीन करोड ८८ लाख ८८ हजार १०६ रुपैयाँ मूल्य बराबरको सेयर कारोबार भयो । यस्तै आइएमई लाइफ इन्स्योरेन्स तीन करोड ७६ लाख ४१ हजार ९४६ रुपैयाँ, सिटी होटल तीन करोड ७४ लाख दुई हजार ७८० रुपैया, माछापुच्छ्रे बैंक तीन करोड ४९ लाख ६६ हजार ३०२ रुपैया र एभरेस्ट बैंक तीन करोड २३ लाख ४३ हजार ७५४ रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार श्री स्टार हाइड्रोपावरको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै सिक्लेस हाइड्रोपावर ५.५६, प्राइम बैंकको ऋणपत्र ४.०३, बुद्धभूमि नेपाल हाइड्रोपावर १.९६ र सिटिजन म्युचुअल फण्ड दोस्रोको सेयर मूल्य १.९१ प्रतिशतले बढेको छ । यस्तै लिवर्टी इनर्जी र सिटी होटलको सेयर मूल्य १० प्रतिशतले ओरालो लाग्दा नकारात्मक सर्किट लागेको छ । ग्रीन भेञ्चर्स ८.७९, कुथेली बुखरी स्मल हाइड्रोपावर ८.३९ र सामलिङ पावर कम्पनीको सेयर मूल्य ७.२२ प्रतिशतले घटेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ